सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० चैत २०८०, शनिबार (23 Mar 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३३४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

हाजिरी जमानीमा रिहा भए पूर्वसभामुख महरा

बिरामी रहेका महरालाई जिल्ला सरकारी वकिल कार्यालयको सहमतिमा सिआइबीले हिरासतमुक्त गरेको हो

काठमाडौं / त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट इलेक्ट्रिक चुरोट भेपमा लुकाएर भएको साढे नौ किलो सुन तस्करीसम्बन्धी मुद्दाको अनुसन्धानका लागि पक्राउ गरिएका पूर्वसभामुख कृष्णबहादुर महरा हिरासतमुक्त भएका छन् । काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयको सहमतिमा शुक्रबार उनलाई हाजिरी जमानीमा रिहा गरिएको हो ।

प्रहरीले महरालाई गत सोमबार कापिलवस्तुबाट पक्राउ गरेको थियो । उनीविरुद्ध अदालतले अनुसन्धानका लागि चार दिनको म्याद थप गरेको थियो । स्वास्थ्यमा गम्भीर समस्या देखिएको भन्दै उनलाई अदालतले नै अस्पताल भर्ना गर्न भनेको थियो । सोही आदेशपछि उनलाई थापाथलीस्थित नर्भिक अस्पतालमा राखिएको थियो । अस्पतालबाटै दैनिक लाजिम्पाटस्थित सिआइबीको कार्यालय लगेर उनको बयान गरिएको थियो । हिरासतमुक्त भए पनि महरा अस्पतालमै उपचाररत छन् ।



पूर्वसभामुख महरा

सरकारी वकिल कार्यालयका प्रवक्ता सीताराम अर्यालले विशेषतः महराको स्वास्थ्यको कारण हाजिरी जमानीमा छाड्न अनुमति दिइएको बताए । 'उहाँको बयान पनि पूरा भइसकेको छ,' उनले भने । अनुसन्धान अधिकृत वा सरकारी वकिल कार्यालयले तोकेको समयमा भने महरा उपस्थित हुनुपर्नेछ ।

पूर्वन्यायाधीश डिल्लीराज आचार्यको अध्यक्षतमा गठित सुनको अवैध पैठारी नियन्त्रणसम्बन्धी गठित जाँचबुझ आयोगले घटनामा संलग्न रहेको भन्दै महराविरुद्ध अनुसन्धान गरी मुद्दा चलाउन सिफारिस गरेको थियो । सोही सिफारिसपछि उनलाई सिआइबीले पक्राउ गरेको हो ।

चारवटा रोगबाट ग्रसित छन् महरा

नियमित औषधि सेवन गरिरहेका पूर्वसभामुख महरा बिरामी छन् । पक्राउ गरिएका दिन जिल्ला अदालत काठमाडौंले पनि उनलाई चार दिन थुनामा राखी अनुसन्धान गर्न आदेशसँगै उपचारको प्रबन्ध गर्न पनि निर्देशन दिएको थियो ।

अदालतले थुनामा राख्ने आदेश दिँदा महराले टिबी, युरिक एसिड, प्रोस्टेटको बिरामी भएको बताएको उल्लेख गरेको थियो । उनी दैनिक आठ प्रकारका औषधि सेवन गरिरहेका छन् । त्यही भएर सिआइबीले उनलाई नर्भिक अस्पताल पुऱ्याएको थियो । पक्राउ परेपछि उनमा रक्तचापको समस्या पनि देखिएको छ ।

बिरामीका कारण पनि महरालाई हिरासतमुक्त गर्नुपर्ने अवस्था आएको स्रोतको भनाइ छ । 'महराले बयानमा पनि आफू बिरामी रहेको बताएका थिए । अस्पतालका कागजात हेर्दा पनि रोगसँग जुधिरहनुभएको देखिन्छ । यसअघि अदालतले पनि अस्पतालमा राख्ने आदेश दिएको थियो । हामीले बयान पनि गरिसकेका थियौं,' सिआइबी स्रोतले भन्यो, 'सरकारी वकिल कार्यालयको सहमतिबाट हाजिरी जमानीमा छाडिएको हो ।'

४२ वर्षपछि फिर्ता ल्याइयो बाँसबारीमा हडपिएको १० रोपनी सरकारी जग्गा



हिनामिना गरी हडपिएको जग्गामा चौधरी ग्रुपले चलाएको थियो चाँदबाग स्कुल । तस्बिर : **दिपेन्द्र ढुंगाना** / नयाँ पत्रिका

सुवास भट्ट / नयाँ पत्रिका

चौधरी ग्रुपले हडपेको बाँसबारी छालाजुत्ता कारखाना लिमिटेडको १० रोपनी जग्गा सरकारले आफ्नो नाममा फिर्ता ल्याएको छ । डिल्लीबजार मालपोत कार्यालयले शुक्रबार जग्गा सरकारका नाममा कायम गर्ने निर्णय गरेको हो । यससँगै तत्कालीन 'च्याम्पियन फुटवेयर लिमिटेड' हुँदै व्यक्तिको नाममा लगिएको बाँसबारी छालाजुत्ता कारखानाको जग्गा ४२ वर्षपछि सरकारका नाममै फिर्ता आएको छ । यस सम्बन्धमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान गरिरहेको छ ।

मालपोत ऐन, २०३४ को दफा २४ प्रयोग गरेर मालपोत कार्यालयले जग्गा सरकारका नाममा कायम गर्ने निर्णय गरेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले बताए । सो दफामा सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा दर्ता गर्न वा आवाद गर्न नहुने व्यवस्था छ । यसैबमोजिम व्यक्तिका नाममा पुगेको सरकारी जग्गा फिर्ता ल्याइएको उनले बताए ।

उक्त दफाको उपदफा १ मा सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्तिविशेषका नाममा दर्ता वा आवाद गर्न/गराउन नपाउने व्यवस्था

» पृष्ठ २ मा क्रमशः

मालपोत ऐनअनुसार १० रोपनी जग्गा फिर्ता ल्याउने निर्णय भएको छ



● **गणेशप्रसाद भट्ट,** प्रवक्ता, भूमि व्यवस्था मन्त्रालय

मालपोत ऐन, २०३४ को दफा २४ प्रयोग गरेर मालपोत कार्यालयले जग्गा सरकारका नाममा कायम गर्ने निर्णय गरेको हो । मालपोत ऐनको दफा २४ मा सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा दर्ता गर्न वा आवाद गर्न नहुने व्यवस्था छ । सरकारी जग्गा व्यक्तिविशेषका नाममा दर्ता भएको भेटिए मालपोत अधिकृतले त्यस्तो दर्ता बदर गर्न सक्ने व्यवस्था मालपोत ऐनमा छ । यसको अधिकार सम्बन्धित मालपोत कार्यालयलाई नै छ । यसैबमोजिम डिल्लीबजार मालपोत कार्यालयले विभिन्न मितिमा व्यक्तिका नाममा पुगेको बाँसबारीको १० रोपनी सरकारी जग्गा फिर्ता ल्याउने निर्णय गरेको छ ।

■ जग्गा फिर्ता गरिए पनि प्रहरीको अनुसन्धान नरोकिने

लिखत किर्ते र ठगी मुद्दाअन्तर्गत अनुसन्धान हुँदै



विनोद चौधरी



वसन्त चौधरी



अरुण चौधरी



● **एसपी होविन्द्र बोगटी,** प्रवक्ता, सिआइबी

बाँसबारी छालाजुत्ता कारखानाको हडपिएको जग्गा सम्बन्धमा सिआइबीले अनुसन्धान गरिरहेको छ । यही वेला जग्गा सरकारको नाममा फिर्ता भएको जानकारीमा आएको छ । तर, यसले अनुसन्धानलाई प्रभाव पार्दैन, अनुसन्धान जारी रहन्छ । लिखत किर्ते र ठगी मुद्दाअन्तर्गत घटनाको अनुसन्धान भइरहेको छ ।

टेकराज थामी / नयाँ पत्रिका

सरकारले बाँसबारी छालाजुत्ता कारखाना लिमिटेडको हडपिएको १० रोपनी जग्गा आफ्नो नाममा ल्याए पनि प्रहरीको अनुसन्धान भने नरोकिने भएको छ । लिखत किर्ते तथा ठगी मुद्दाअन्तर्गत नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले जग्गा हिनामिनाको अनुसन्धान गरिरहेको छ । उद्योगपति तथा सांसद विनोद चौधरी तथा भाइहरू वसन्त र अरुण जोडिएका छन् ।

सिआइबीका प्रवक्ता एसपी होविन्द्र बोगटीले हडपिएको जग्गा फिर्ता भए पनि प्रहरीको अनुसन्धान नरोकिने बताए । 'बाँसबारी छालाजुत्ता कारखानाको हडपिएको जग्गा सम्बन्धमा सिआइबीले अनुसन्धान गरिरहेको छ । यही वेला जग्गा सरकारको नाममा फिर्ता भएको जानकारीमा आएको छ,' उनले भने, 'तर, यसले अनुसन्धानलाई प्रभाव पार्दैन, अनुसन्धान जारी रहन्छ । लिखत किर्ते र ठगी

» पृष्ठ २ मा क्रमशः

एसइईमा पाँच लाख चार हजार ४१४ परीक्षार्थी सहभागी हुँदै

देशभरका दुई हजार ६४ केन्द्रमा परीक्षा हुने, सबैभन्दा धेरै परीक्षा केन्द्र काठमाडौंमा, मनाङ र मुस्ताङमा थोरै

- ७७ हजार पाँच सय जनशक्ति परिचालन
- ३० हजार ९५० सुरक्षाकर्मी खटिँदै
- काठमाडौंले केन्द्रको नाम अझै सार्वजनिक गरेन

शिवहरि घिमिरे / नयाँ पत्रिका

आगामी १५ चैतदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)मा देशभरका पाँच लाख चार हजार ४१४ विद्यार्थी सहभागी हुने भएका छन् । यसपटक देशभर दुई हजार ६४ वटा केन्द्र रहनेछन् भने प्रत्येक केन्द्रबाट दुई सय ५० विद्यार्थीले परीक्षा दिनेछन् ।

» पृष्ठ २ मा क्रमशः



■ एसइई परीक्षाको तयारी अन्तिम चरणमा

कक्षा दशका परीक्षा नियन्त्रक नन्दलाल पौडेलका अनुसार परीक्षाको तयारी अन्तिम चरणमा पुगेको छ । 'अधिकांश जिल्लामा कुन-कुन स्कुललाई केन्द्र बनाउने भन्नेबारे टुंगो लागिसकेको छ, तर केहीमा भने बाँकी नै छ, यो ठूलो विषय होइन,' उनले भने, 'यसबाहेक अन्य तयारी पूरा भइसकेको छ ।' एसइईका लागि जनक शिक्षा सामग्री केन्द्रले प्रश्नपत्र छपाइको कार्य गरेको थियो । प्रश्नपत्र पनि जिल्ला-जिल्लामा ढुवानी भइरहेको छ ।

मिटरब्याजपीडितको समस्या समाधान गर्न आयोग गठन

नयाँ पत्रिका

सरकारले अनुचित लेनदेन (मिटरब्याज) अपराध नियन्त्रणका लागि तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले उच्च अदालतका पूर्वन्यायाधीश तेजबहादुर कार्कीको अध्यक्षतामा आयोग गठन गरेको हो । आयोगमा पूर्वएआइजी पुस्कर कार्की र सञ्जीव मिश्र सदस्य रहनेछन् ।

उच्च अदालतका पूर्वन्यायाधीश तेजबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगमा पूर्वएआइजी पुस्कर कार्की र सञ्जीव मिश्र सदस्य छन्

अनुचित लेनदेनको अपराध नियन्त्रणका लागि समितिलाई तीन महिनाभित्र सुझावसहितको प्रतिवेदन पेस गर्न सरकारले निर्देशन दिएको छ । गत २८ फागुनमा सरकार र संघर्षरत मिटरब्याजपीडितबीच चारबुँदे सहमति भएको थियो । दुई पक्षबीच अधिकारसहित नयाँ जाँचबुझ आयोग गठन गर्नेलगायत सहमति भएको थियो । सोही सहमतिपछि सरकारले शुक्रबार नयाँ आयोग गठन गर्ने निर्णय गरेको हो ।

आयोगको कार्यावधि तीन महिनाको हुनेछ । सहमतिको पहिलो बुँदामा जाँचबुझ आयोग ऐनअनुसार तीन महिनाको अवधि दिएर तीन सदस्यीय आयोग गठन गर्न सरकारलाई सिफारिस गर्ने उल्लेख छ । दोस्रोमा आयोगको कार्यादेशसम्बन्धी बुँदा छन्, जसमा अवैध कागज खारेज गर्न सिफारिस गर्नेसम्मका अधिकार आयोगलाई दिने विषय छ ।

तेस्रोमा मिटरब्याजपीडित शोषित, उत्पीडित वर्गलाई आर्थिक सहायता, राहत र क्षतिपूर्तिका लागि आगामी बजेटमा आवश्यक व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई आग्रह गर्ने उल्लेख छ । त्यस्तै, चौथो बुँदामा मिटरब्याजविरुद्ध न्याय मार्चलगायत आन्दोलनका कार्यक्रम अन्त्य गर्नेसम्बन्धी विषय छ ।





झ्याउ नयाँ

परशु प्रधान

एक प्रयोगवादी कथाकार

परशु दाइ प्रयोगवादी साहित्यकार हुनुहुन्थ्यो । कथामा प्रयोग गर्न खोज्नुहुन्थ्यो । समकालीनमध्ये उहाँ सबैभन्दा उत्कृष्ट कथाकार हो भन्ने मलाई लाग्छ ।

अभिच्युअरी ● **अविनाश श्रेष्ठ**

इतिहास र भूगोलको सुरक्षामा राजनीति र कूटनीति

● **रमेशनाथ पाण्डे,** पूर्वपरराष्ट्रमन्त्री

'द रेड सुटकेस'ले नयाँ स्वाद दिनेछ



● **फिडेल देवकोटा,** फिल्म निर्देशक

बदलिँदो हुम्ला



फोटो कथा ● **शान्ति तामाङ**

■ अरविन्द केजरिवाल : भ्रष्टाचारको मुद्दामा उदाए, भ्रष्टाचारकै आरोपमा तानिए


लोकसभा निर्वाचनको पूर्वसन्ध्यामा भएको केजरिवालको गिरफ्तारी भारतीय राजनीतिमा बन्यो ठूलो मुद्दा

नारायण शिवाकोटी / नयाँ पत्रिका

भ्रष्टाचारविरोधी आन्दोलनबाट उदाएर दशक अगाडि राजनीतिक मैदानमा उत्रेका आम आदमी पार्टी (आप)का संयोजक तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवालको पद भ्रष्टाचारकै आरोपले संकटमा परेको छ । मदिरा नीति घोटाला मामलामा बिहीबार राति पक्राउ परेका केजरिवाल न्यायालयले २८ मार्चसम्म प्रवर्तन निर्देशनालय (इडी)को हिरासतमा राख्न अनुमति दिएको छ ।

केजरिवाललाई इडीले शुक्रबार दिल्लीको हाउज एभेन्यु कोर्ट (जिल्ला अदालत)मा १० दिन म्याद थपका लागि प्रस्तुत गरेको थियो । तर, अदालतले एक साताका लागि मात्र हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ । लोकसभा निर्वाचनको पूर्वसन्ध्यामा भएको केजरिवालको

» पृष्ठ २ मा क्रमशः



जेलबाटै सरकार चलाउन सम्भव छ ?

दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवालको गिरफ्तारीले राष्ट्रिय राजधानी क्षेत्रको विशेष दर्जाको मान्यता पाएको राज्य दिल्लीमा संवैधानिक संकट उत्पन्न भएजस्तो देखिएको छ । यसैबीच आपका नेताहरूले केजरिवालले मुख्यमन्त्रीको पदबाट राजीनामा नदिने र जेलबाट नै सरकार चलाउने बताएका छन् । यद्यपि, यसबारे पार्टीको औपचारिक निर्णय आउन बाँकी छ ।

दिल्लीका पूर्वविधान सभाका सचिव एवं संविधानविद् एसके शर्मा यस विषयमा संविधानले केही नबोलेको बताउँछन् । राज्य सरकारका कैयौं काममा मुख्यमन्त्रीको उपस्थिति अनिवार्य हुन्छ । मन्त्रिपरिषद् बैठकबाहेक अन्य कैयौं समितिको अध्यक्षता पनि मुख्यमन्त्रीले गर्नुपर्ने हुन्छ । साथै, सरकारले कैयौं गोपनीय निर्णय पनि लिनुपर्ने हुन्छ, जसमा मुख्यमन्त्रीको सहमति एवं उपस्थिति अनिवार्य हुन्छ । यसैले 'दिल्ली सरकार' जेलबाट सञ्चालित हुन नसक्ने शर्माको भनाइ छ । 'संविधानमा सरकार प्रमुख जेल गए भने उनले जेलबाटै सरकार चलाउन सक्ने व्यवस्था पनि छैन,' दैनिक भास्करले एसके शर्मालाई उद्धृत गर्दै लेखेको छ ।

कतिपय कानुनविद् जेलबाट सरकार चलाउन सकिने, तर यसमा जेल प्रशासनको भूमिका महत्त्वपूर्ण हुने मत राख्छन् । 'कानुनको नजरमा गिरफ्तारी हुनु दोषी सिद्ध हुनु होइन । यसैले गिरफ्तारी हुँदैमा उनीबाट राजीनामा आइहाल्नुपर्छ भन्ने छैन । तर, जेलबाट सरकार चलाउने कुरा भने धेरै हदसम्म जेलको नियममा निर्भर गर्छ । मुख्यमन्त्रीले भिडियो कन्फ्रेन्सिङका माध्यमबाट पनि क्याबिनेट बैठक राख्न सक्छन् । तर, यसका लागि पनि उनलाई जेल प्रशासनले मञ्जुरी दिनुपर्ने हुन्छ,' सर्वोच्च अदालतका अधिवक्ता विराग गुप्ताले भने । अर्का अधिवक्ता एवं संविधानविद् अश्विनीकुमार दुबे यस्तो अवस्थामा राज्य सरकारलाई चलाउन मुख्यमन्त्रीले राजीनामा दिनुपर्ने बताउँछन् ।

एमालेको समाजवादी मोर्चा नीति : संवादमा बस्ने, तत्काल सामेल नहुने

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले समाजवादी ध्रुवीकरणको उद्देश्यसहित माओवादी, नेकपा एस, जसपा र नेकपा सामेल समाजवादी मोर्चामा तत्काल सामेल नहुने, तर आपसी संवाद र अन्तर्क्रियामा बस्ने नीति लिएको छ। नयाँ समीकरण फेरिएलगत्तै मोर्चामा आबद्ध नेताहरूले एमालेलाई समेत सामेल गरेर मोर्चा विस्तारको प्रयास गरेपछि उसले यस्तो नीति अख्तियार गर्ने जानकारी प्रस्ट्याएको हो।

मोर्चामा एमालेलाई सामेल गराउने प्रयासका लागि अध्यक्ष केपी ओलीसँग शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र बिहीबार मोर्चाको संयोजक नेकपाका अध्यक्ष नेत्रविक्रम चन्द 'विप्लव'ले अलग-अलग भेटवार्ता गरेका थिए। यी भेटवार्तापछि ओलीले तत्काल एमाले समाजवादी मोर्चामा सहभागी नहुने प्रतिक्रिया दिएका छन्।

ओलीसँगको भेटको प्रगति जानकारी गराउँदै विप्लवले समाजवादी मोर्चामा तत्काल सामेल नभए पनि साझा उद्देश्य जोडिएका कार्यक्रम र अन्तर्क्रियामा निरन्तर संवाद र छलफलमै रहने एमालेको नीति पाएको प्रस्ट्याए। 'उहाँले पहिला त (अर्कै गठबन्धन भएकाले) हामी अलमलमै थियौं, तर अहिले परिस्थिति फेरिएपछि त्यो स्थिति रहेन, संवाद गर्दै जाउँला भन्नुभएको छ,' ओलीसँगको संवाद उद्धृत गर्दै विप्लवले नयाँ पत्रिकासँग भने, 'अर्कोपटक ठ्याक्कै बस्ने कुरा त गर्नुभएको छैन, तर नकारात्मक लिनुपर्ने स्थिति छैन, सकारात्मक प्रगति भइहालेको अवस्था पनि होइन।'

उनले एमाले मोर्चाका विषयमा छलफल गर्न तयार रहेकाले त्यसलाई सकारात्मक रूपमै आफूले लिएको जानकारी गराए। 'उहाँहरूले संवादमै बस्ने, अन्तर्क्रिया र छलफल गर्ने नै भन्नुभएको छ, त्यसैले यसलाई सकारात्मक रूपमै बुझ्नुपर्छ,' उनले भने।

शुक्रबार बिहान प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको बैठकले नयाँ समीकरण फेरिएको स्थितिमा ठूलो वाम दल एमालेविना मोर्चाको बैठक र कार्यक्रमहरू गर्नु उपयुक्त नभएकाले सामेल गर्न प्रयास गर्ने, तर तत्काल सहभागी नभएको अवस्थामा उससँगको संवाद र जानकारीमा मात्रै मोर्चाको गतिविधि अगाडि बढाउने निर्णय गरेको थियो। त्यस्तो निर्णयसँगै मोर्चाले एमाले अध्यक्ष ओलीसँग संवाद गर्ने जिम्मेवारी प्रधानमन्त्री प्रचण्डलाई दिएको थियो।

लगत्तै दिउँसो प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद् कार्यालय, सिंहदरबारमा ओलीसँग मोर्चामा एमालेको सहभागिता, नयाँ समीकरण र सरकारको कामका विषयमा केन्द्रित रहेर अलगै छलफल गरेका थिए। भेटपछि एमाले अध्यक्ष ओलीले छलफलबारे प्रस्ट नपारे पनि समाजवादी मोर्चामा भने आफ्नो पार्टी सामेल नहुने जानकारी गराए। सिंहदरबारबाट बाहिरिँदै गर्दा ओलीलाई सञ्चारकर्मीले मोर्चामा एमालेको सहभागिताबारे जिज्ञाशा राखेका थिए। 'समाजवादी मोर्चामा एमाले सहभागी हुने हो ?' ओलीले जवाफ फर्काए, 'होइन।' यद्यपि, प्रधानमन्त्रीसँग राम्रै कुराकानी भएको उनले सञ्चारकर्मीहरूलाई बताए।

नयाँ समीकरणपछि माओवादी केन्द्र, नेकपा एस, जसपा र नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको समाजवादी मोर्चामा एमालेलाई पनि सामेल गर्न प्रधानमन्त्री प्रचण्डसहित मोर्चामा आबद्ध नेताहरूले प्रयास गर्दै आएका छन्। नयाँ समीकरणअगावै एमालेलाई पनि सामेल गर्ने विषयमा मोर्चामा छलफल भएको थियो।

आलोपालो प्रणालीअनुसार मोर्चाको नेतृत्व नेकपाका अध्यक्ष नेत्रविक्रम चन्दले सम्हालेलगत्तै १२ फागुनमा प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको बैठकले एमालेसहित सबै वामपन्थी पार्टीलाई मोर्चामा आबद्ध हुन पत्राचार गर्ने निर्णय गरेको थियो। त्यसयता मोर्चाले एमालेलाई पनि सामेल गर्ने प्रयास गर्दै आएको छ।

प्रधानमन्त्री प्रचण्ड-ओली भेटमा भने मोर्चाबाहेक समग्र विषयमा कुराकानी भएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले बताए। 'उहाँहरूबीच वन टु वन छलफल भएको हो,' आचार्यले नयाँ पत्रिकासँग भने, 'अहिलेका समसामयिक सबै विषयवस्तुमा केन्द्रित रहेर छलफल भएको छ।' उनका अनुसार प्रधानमन्त्री र ओलीबीच नयाँ समीकरणमा रहेका दलहरूको बैठक राखेर गठबन्धन र सरकारको कामलाई प्रभावकारी बनाउने विषयमा छलफल केन्द्रित हुँदै आएको छ।

४२ वर्षपछि...

पृष्ठ १ बाट क्रमशः

छ। उपदफा २ मा सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता गरी आवाद गरेकामा त्यस्तो दर्ता स्वतः बदर हुने व्यवस्था छ। त्यस्तो जग्गाको व्यक्तिविशेषका नाममा रहेको दर्ता लगतसमेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले कट्टा गर्ने व्यवस्था ऐनमा गरिएको छ।

यही व्यवस्थामा टेकेर मालपोत कार्यालयले जग्गा सरकारी कायम गरेको हो। 'सरकारी जग्गा व्यक्तिविशेषका नाममा दर्ता भएको भेटिए मालपोत अधिकृतले त्यस्तो दर्ता बदर गर्न सक्ने व्यवस्था मालपोत ऐनमा छ,' मन्त्रालयका प्रवक्ता भट्टले भने, 'यसको अधिकार सम्बन्धित मालपोत कार्यालयलाई नै छ। यसैबमोजिम डिल्लीबजार मालपोत कार्यालयले विभिन्न मितिमा व्यक्तिका नाममा पुगेको बाँसबारीको १० रोपनी सरकारी जग्गाफिर्ता ल्याउने निर्णय गरेको छ।'

बाँसबारीको जग्गा हिनामिना प्रकरणमा अहिले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले छानबिन गरिरहेको छ। जग्गा हिनामिनाको आरोप लागेका कांग्रेस सांसद एवं उद्योगी विनोद चौधरीसँग बिहीबार सिआइबी र सरकारी वकिल कार्यालयले संयुक्त रूपमा बयान लिएका थिए। अघिल्लो दिन बुधबार सिआइबीले भाइ वसन्त चौधरीको पनि बयान लिइसकेको छ। अनुसन्धानका क्रममा सिआइबीले विनोद चौधरीका भाइ अरुण, तत्कालीन बाँसबारी छालाजुत्ता कारखाना लिमिटेडका कार्यकारी अध्यक्ष अजितनारायणसिंह थापा र सिजी चाँदबाग रेसिडेन्सी प्रालिका सञ्चालक सञ्जय ठाकुरलाई गत १८ माघमै पक्राउ गरेको थियो। ६ दिनको हिरासतपछि उनीहरूलाई हाजिरी जमानीमा छाडिएको छ।

अनुसन्धानका क्रममा आरोपितसँग बयान थालेसँगै सिआइबीले हडपिएको जग्गा सरकारका नाममा अद्यावधिक कायम गर्न मालपोतलाई पत्राचार गरेको थियो। सिआइबीको पत्रपछि मालपोतले जग्गा सरकारका नाममा फिर्ता ल्याउने प्रक्रिया अघि बढाएको थियो। यसका लागि चाँदबाग रेसिडेन्सी प्रालिलाई विभिन्न चरणमा पत्राचार गरेको थियो। तर, प्रालिले आवश्यक प्रमाण पेस गर्न नसकेपछि कार्यालयले प्रालिको दर्ता खारेज गरेर सरकारका नाममा अद्यावधिक कायम गरेको हो।

बाँसबारी छालाजुत्ता कारखानाको जग्गा तत्कालीन 'च्याम्पियन फुटवेयर लिमिटेड' हुँदै सिजी चाँदबाग रेसिडेन्सी प्रालिका नाममा लगिएको थियो। त्यहाँ चौधरी ग्रुपले चाँदबाग स्कुल सञ्चालन गरिरहेको छ। यद्यपि, बयानका क्रममा विनोद चौधरीले बाँसबारी छालाजुत्ता कारखानाको जग्गा नियमसंगत नै लिएको दाबी गरेका छन्। ४२ वर्षअघि बाँसबारी क्षेत्र विकट भएको, सोहीअनुसार जग्गाको मूल्यांकन निर्धारण भएको र सेयरबापत उक्त रकम भुक्तानी गरेरै जग्गा लिइएको चौधरीको जवाफ छ।

जग्गा फिर्ता...

पृष्ठ १ बाट क्रमशः

मुद्दाअन्तर्गत घटनाको अनुसन्धान भइरहेको छ।'

अनुसन्धानका क्रममा सिआइबीले विनोद र वसन्तसँग बयान लिइसकेको छ। अरुणसहितको तीनजनालाई भने ६ दिन हिरासतमा राखेर हाजिर जमानीमा छाडेको छ। विनोदसँग सिआइबी र सरकारी वकिल कार्यालयको टोलीले बिहीबार भद्रकालीस्थित सरकारी वकिल कार्यालयमा साढे तीन घण्टा बयान लिएको थियो। उनका भाइ वसन्तसँग भने सिआइबीले बुधबार नै बयान लिएको थियो। उनलाई सिआइबीले लाजिम्पाटस्थित कार्यालयमै बोलाएर बयान लिएको थियो।

बयानपछि विनोद पूर्वनिर्धारित कार्यक्रममा बिहीबार नै श्रीलंका उडेका छन्। विनोदले बाँसबारी छालाजुत्ता कारखाना लिमिटेडको जग्गा नियमसम्मत नै लिइएको बयान दिएका छन्। ४२ वर्षअघि बाँसबारी क्षेत्र विकट भएको, सोहीअनुसार जग्गाको मूल्यांकन निर्धारण भएको र सेयरबापत उक्त रकम भुक्तानी गरेरै जग्गा लिइएको विनोदले बयान दिएका छन्।

कार्यालयमा बयानपछि सञ्चारकर्मीसँग पनि चौधरीले बाँसबारी त्यसवेला अनकन्टार भएको हुँदा उक्त क्षेत्रको जग्गाको मूल्य कम पर्ने बताएका छन्। व्यवस्थित निजी लगानीमा मुलुकै ठूलो औद्योगिक ग्राम सञ्चालन गर्ने समूहले १० रोपनी जग्गामा कुदृष्टि राख्ने भन्ने सोच विकृत मानसिकताको उपज रहेको उनको भनाइ थियो। '४२ वर्षअघि बाँसबारी अनकन्टार थियो। त्यसवेला त्यहाँको जग्गा कौडीको भाउमा पनि बिक्दैन थियो। त्यसवेला १० रोपनी जग्गाको मूल्य कति नै पर्थ्यो र। देशैकै सबभन्दा ठूलो निजी औद्योगिक ग्राम स्थापना गर्न सक्ने उद्योगीले १० रोपनी जग्गामा कुनै पनि किसिमको कुदृष्टि राख्छ भन्ने सोच्नु नै एउटा विकृत मानसिकताको उपज हो,' चौधरीले भनेका छन्।

बाँसबारी छालाजुत्ता कारखाना लिमिटेडको १० रोपनी जग्गा च्याम्पियन सु फ्याक्ट्री अर्थात् तत्कालीन 'च्याम्पियन फुटवेयर लिमिटेड'को नाममा हडपिएको थियो। जसको संस्थापक सेयरहोल्डर विनोद चौधरी, वसन्त चौधरी, अरुण चौधरी, लुनकरणदास चौधरी, महेशकुमार अग्रवाल, बाँसबारी छाला तथा जुत्ता कारखाना र गंगादेवी चौधरी थिए। लिमिटेडको कुल पाँच हजार कित्ता सेयरमध्ये विनोद र वसन्तको दुई-दुई सय कित्ता थियो। त्यस्तै, विनोद र वसन्तका भाइ अरुण चौधरीको दुई सय, बुबा लुनकरणदासको दुई हजार एक सय, भिनाजु महेशकुमारको दुई सय, आमा गंगादेवीको एक सय कित्ता सेयर थियो। बाँकी दुई हजार कित्ता सेयर भने बाँसबारी छालाजुत्ता कारखानाको नाममा थियो। सेयरबापत कारखानाले १० रोपनी जग्गा दिएको थियो। जसको मूल्यांकन मात्रै २० लाख रुपैयाँमा गरिएको थियो। जब कि फुटवेयर लिमिटेडको सेयर त्यतिबेलै प्रतिकित्ता एक हजार रुपैयाँ तोकिएको थियो।

अहिले च्याम्पियन फुटवेयर लिमिटेड बन्द भइसकेको छ। जग्गा भने हाल सिजी चाँदबाग रेसिडेन्सी प्राालि च्याम्पियन फुटवेयर प्रालिको नाममा छ। जसको सम्पूर्ण सेयर अरुण चौधरीको नाममा छ। अरुणले अहिले उक्त जग्गामा चाँदबाग नामको स्कुल चलाइरहेका छन्। जग्गा गैरकानुनी ढंगले हडपेको अभियोगमा प्रहरीले गत १८ माघमा अरुणलाई पक्राउ गरेको थियो। ६ दिनको हिरासतपछि अरुणसहितको टोली साधारण तारेखमा छुटिसकेको छ।

०२० सालमा चीन सरकारले स्थापना गरेको छालाजुत्ता कारखानाको १० रोपनी जग्गासँग फुटवेयरले ०४३ मा सेयर साटेको थियो। तर, फुटवेयर तीन वर्ष पनि चलेन। लगातार घाटा देखाएर छालाजुत्ताको सेयर फुटवेयरले पछि आफ्नै नाममा नामसारी गरेको थियो। सिआइबीले विनोदका भाइ अरुण, तत्कालीन बाँसबारी छालाजुत्ता कारखाना लिमिटेडका कार्यकारी अध्यक्ष अजितनारायणसिंह थापा र सिजी चाँदबाग रेसिडेन्सी प्रालिका सञ्चालक सञ्जय ठाकुरलाई गत १८ फागुनमै पक्राउ गरेको थियो। ६ दिनको हिरासतपछि उनलाई हाजिर जमानीमा छाडिएको छ।

एसइईमा...

पृष्ठ १ बाट क्रमशः

कक्षा दशका परीक्षा नियन्त्रक नन्दलाल पौडेलका अनुसार परीक्षाको तयारी अन्तिम चरणमा पुगेको छ। 'अधिकांश जिल्लामा कुन-कुन स्कुललाई केन्द्र बनाउने भन्नेबारे टुंगो लागिसकेको छ, तर केहीमा भने बाँकी नै छ, यो ठूलो विषय होइन,' उनले भने, 'यसबाहेक अन्य तयारी पूरा भइसकेको छ।' एसइईका लागि जनक शिक्षा सामग्री केन्द्रले प्रश्नपत्र छपाइको कार्य गरेको थियो। प्रश्नपत्र पनि जिल्ला-जिल्लामा ढुवानी भइरहेको छ।

यसपटकको परीक्षामा सबैभन्दा बढी परीक्षा केन्द्र रहेको जिल्ला काठमाडौं हो। जहाँ एक सय २७ वटा परीक्षा केन्द्र रहनेछन् भने सबैभन्दा कम एक-एकवटा परीक्षा केन्द्र रहेको जिल्ला मनाङ र मुस्ताङ हुन्। मनाङमा ४३ र मुस्ताङमा एक सय सातजना विद्यार्थी छन् भने काठमाडौंमा ३८ हजार ८३१ विद्यार्थी छन्।

७७ हजार पाँच सय जनशक्ति परिचालन

एसइई परीक्षा सञ्चालनका लागि ७७ हजार पाँच सय जनशक्ति परिचालन गरिँदै छ। यसमध्ये सुरक्षाकर्मी, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, परीक्षा सहायक निरीक्षक र कार्यालय सहयोगी रहेछन्। बोर्डका अनुसार एउटा परीक्षा केन्द्रमा कम्तीमा पनि सबै गरी ४० जना जनशक्ति खटिनेछन्। सुरक्षा संवेदनशीलता भएका केन्द्रमा भने बढी जनशक्ति परिचालन हुनेछ।

३० हजार ९५० सुरक्षाकर्मी खटिँदै

एसइई परीक्षालाई सुरक्षित र मर्यादित पार्न देशभरका परीक्षा केन्द्रहरूमा ३० हजार ९५० जना सुरक्षाकर्मी परिचालन गरिँदै छ। परीक्षाको प्रश्नपत्र केन्द्र पुऱ्याउनेदेखि उत्तरपुस्तिका परीक्षण केन्द्रसम्म पुऱ्याउने जिम्मा पनि प्रहरीलाई नै दिइएको छ। परीक्षा सकिएपछि देशभर ६० वटा परीक्षण केन्द्रमा उत्तरपुस्तिका परीक्षण हुनेछ भने सो परीक्षण केन्द्रमा उत्तरपुस्तिका पुऱ्याउने र नजिता सार्वजनिक नहुँदासम्म सुरक्षा दिने जिम्मा प्रहरीकै हुनेछ। परीक्षाका वेला सुरक्षाकर्मीको महत्त्वपूर्ण भूमिका हुने भएकाले नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट ठूलो संख्या प्रहरी परिचालन गर्न थालिएको हो। बोर्डका अनुसार एउटा परीक्षा केन्द्रअनुसार औसत १५ जना सुरक्षाकर्मी खटाइँदै छ। तर, सुरक्षा अवस्था संवेदनशील भएको केन्द्रमा योभन्दा बढी संख्यामा सुरक्षाकर्मी परिचालन गरिनेछ।

काठमाडौंले अझै सार्वजनिक गरेन केन्द्रको नाम

एसइई आउन जम्मा पाँच दिन मात्रै बाँकी भए पनि काठमाडौंका परीक्षा केन्द्र सार्वजनिक हुन सकेका छैनन्। कुन-कुन विद्यालयलाई परीक्षा केन्द्र तोक्ने भन्नेबारे भित्रभित्र विवाद तथा चलखेल हुँदा केन्द्र रहने विद्यालयको नामावली सार्वजनिक हुन नसकेको हो। तर, संख्याका हिसाबले भने केन्द्रको टुंगो लागिसकेको छ। संख्याअनुसार काठमाडौंमा १२७, ललितपुरमा ४० र भक्तपुरमा २४ वटा परीक्षा केन्द्र रहनेछन्।

शिक्षा विकास तथा समन्वय इकाइ भक्तपुर र ललितपुरले केन्द्रको नामावली सार्वजनिक गरिसकेका छन्। तर, कुन-कुन विद्यालयमा केन्द्र बनाउने भन्नेबारे काठमाडौंमा विवाद भएको छ। यसको समाधानका लागि परीक्षा बोर्डले शिक्षा विकास तथा समन्वय इकाइलाई जिम्मा दिएको बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए।

'अधिकांश जिल्लामा कुन-कुन विद्यालयलाई केन्द्र बनाउने भन्नेबारे टुंगो लागेर तयारी पनि भइसकेको छ, काठमाडौंमा टुंगो लागिसकेको छ, तर सार्वजनिक मात्रै नभएको हो,' बोर्डका अध्यक्ष शर्माले भने, 'यहाँ ढिलो सार्वजनिक भए पनि फरक पर्दैन, किनभने यहाँ तयारी गर्न सजिलो छ।'

उनका अनुसार काठमाडौंले एसइईको तीन दिनअघि मात्रै केन्द्र सार्वजनिक गर्ने बताएको छ। केन्द्र रहने विद्यालय तोकिएपछि त्यहाँ शान्ति सुरक्षा कायम राख्ने, पूर्वाधार सहज पार्ने, विद्यार्थी, अभिभावक र विद्यालयलाई जानकारी दिनेलगायत कार्य गरिन्छ भने केन्द्रनजिकै रहेको प्रहरी कार्यालयमा प्रश्नपत्र पनि पठाइन्छ। बोर्डले प्रश्नपत्र सबै जिल्ला तथा प्रहरी कार्यालयमा पुऱ्याइसकेको छ। उपत्यकाबाहिर जिल्ला प्रहरी कार्यालय र उपत्यकाभित्र प्रहरी वृत्तहरूमा प्रश्नपत्र राखिएको बोर्डले जनाएको छ। उपत्यकाका तीन जिल्लामा परीक्षाको दिन मात्रै प्रश्नपत्र केन्द्रमा पठाइने छ भने अन्य जिल्लाको हकमा अघिल्लो दिन नै प्रश्नपत्र केन्द्रमा पुऱ्याइनेछ।

अरविन्द केजरिवाल...

पृष्ठ १ बाट क्रमशः

गिरफ्तारी भारतीय राजनीतिको ठूलो मुद्दा बनेको छ। केजरिवालको विरोधमा आपले देशभर प्रदर्शनको कार्यक्रम तय गरेको छ।

इडीले हिरासतमा लिएको २४ घण्टाभन्दा धेरै समय बितिसकेको र म्याद थपसमेत भइसक्दा पनि केजरिवाललेदिल्लीको मुख्यमन्त्रीको पदबाट भने राजीनामा दिएका छैनन्। आपका नेताहरूले केजरिवाललेमुख्यमन्त्रीको पदबाट राजीनामा नदिने र जेलबाट नै सरकार चलाउने बताएका छन्। यद्यपि, यसबारे पार्टीको औपचारिक निर्णय आउन बाँकी छ।

केजरिवालको गिरफ्तारीले विशेष दर्जाको मान्यता पाएको राज्य दिल्लीमा संवैधानिक संकट उत्पन्न भएजस्तो देखिएको छ। राज्यमा संवैधानिक संकट आउँदा राष्ट्रपति शासन लागू गर्ने विकल्प केन्द्र सरकारसँग रहन्छ। केन्द्र र दिल्ली सरकारबीच कैयौं मुद्दामा तनाव हुँदै आएको छ।

दिल्लीका पूर्वविधान सभाका सचिव एवं संविधानविद् एसके शर्मा यस विषयमा संविधानले केही नबोलेको बताँउछन्। राज्य सरकारका कैयौं काममा मुख्यमन्त्रीको उपस्थिति अनिवार्य हुन्छ। मन्त्रिपरिषद् बैठकबाहेक अन्य कैयौं समितिको अध्यक्षता पनि मुख्यमन्त्रीले गर्नुपर्ने हुन्छ। साथै, सरकारले कैयौं गोपनीय निर्णय पनि लिनुपर्ने हुन्छ, जसमा मुख्यमन्त्रीको सहमति एवं उपस्थिति अनिवार्य हुन्छ। यसैले 'दिल्ली सरकार' जेलबाट सञ्चालित हुन नसक्ने शर्माको भनाइ छ। 'संविधानमा सरकार प्रमुख जेल गए भने उनले जेलबाटै सरकार चलाउन सक्ने व्यवस्था पनि छैन,' दैनिक भास्करले एसके शर्मालाई उद्धृत गर्दै लेखेको छ।

यसबीच, केजरिवालका मन्त्रीहरू भने आफूहरूसँग विधान सभामा पूर्ण बहुमत रहेकाले मुख्यमन्त्रीले राजीनामा नदिने बताइरहेका छन्। आपले केजरिवाललले राजीनामा दिनुपर्ने अवस्था आएको खण्डमा शिक्षामन्त्री आतिशी सिंहलाई मुख्यमन्त्रीको अधिकार सुम्पने र उनले दिल्ली सरकार चलाउने योजना बनाएको बताइएको छ। जेलमा रहेका मनीष सिसौदियालाई दिइएका मन्त्रालय पनि अहिले आतिशीले नै सम्हालिरहेकी छिन्।

कतिपय कानुनविद् जेलबाट सरकार चलाउन सकिने, तर यसमा जेल प्रशासनको भूमिका महत्त्वपूर्ण हुने मत राख्छन्। 'कानुनको नजरमा गिरफ्तारी हुनु दोषी सिद्ध हुनु होइन। यसैले गिरफ्तारी हुँदैमा उनीबाट राजीनामा आइहाल्नुपर्छ भन्ने छैन। तर, जेलबाट सरकार चलाउने कुरा भने धेरै हदसम्म जेलको नियममा निर्भर गर्छ।

मुख्यमन्त्रीले भिडियो कन्फ्रेन्सिङका माध्यमबाट पनि क्याबिनेट बैठक राख्न सक्छन्। तर, यसका लागि पनि उनलाई जेल प्रशासनले मञ्जुरी दिनुपर्ने हुन्छ,' सर्वोच्च अदालतका अधिवक्ता विराग गुप्ताले भने।

अर्का अधिवक्ता एवं संविधानविद् अश्विनीकुमार दुबे यस्तो अवस्थामा राज्य सरकारलाई चलाउन मुख्यमन्त्रीले राजीनामा दिनुपर्ने बताउँछन्। 'यस्तो इम्युनिटी केवल राज्यपाल र राष्ट्रपतिलाई मात्रै हुन्छ। उनीहरूलाई गिरफ्तार गर्न सकिँदैन, तर मुख्यमन्त्रीमाथि कुनै आरोप लाग्छ भने जाँच एजेन्सीले उनलाई जुनसुकै समय गिरफ्तार गर्न सक्छन्,' दुबेले भने। शुक्रबार नै दिल्ली उच्च अदालतमा केजरिवाललाई पदमुक्त गर्न रिट दायर भएको छ।

पहिले पनि मुख्यमन्त्री जेल गएका थिए

यसअघि पनि भारतका केही मुख्यमन्त्री जेल गएका थिए। तर, केजरिवालका विपरीत जेल जाने निश्चित भएपछि उनीहरूले पदबाट राजीनामा दिएका थिए। सन् १९९६ मा तमिलनाडुकी मुख्यमन्त्री जयललिता अकुत सम्पत्तिको मामलामा दोषी ठहर भएर जेल गएकी थिइन्। अकुत सम्पत्तिमा दोषी ठहरिएपछि उनले ५ डिसेम्बर १९९६ मा राजीनामा दिइन। उनलाई ७ डिसेम्बरमा पक्राउ गरी जेल पठाइयो।

सन् १९९७ मा बिहारका मुख्यमन्त्री लालुप्रसाद यादव चारा घोटालामा दोषी ठहर भए। दोषी ठहर भएपछि लालुले पदबाट राजीनामा दिएर पत्नी राबडी देवीलाई बिहारको मुख्यमन्त्री बनाए। त्यसपछि उनले अख्तियार दुरुपयोगसम्बन्धी अभियोजन गर्ने निकाय लोकायुक्त अदालतसमक्ष आत्मसमर्पण गरेका थिए।

सन् २०११ मा कर्नाटकका मुख्यमन्त्री बिएस येदियुरप्पा पदबाट राजीनामा गर्दै जेल गएका थिए। उनी जमिनसम्बन्धी घोटालामा मुछिएका थिए। रक्षा भूमि घोटलामा जोडेर यही १६ जनवरीमा झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेनलाई पनि राजीनामाका लागि बाध्य बनाइयो। राजीनामालगत्तै उनलाई गिरफ्तार गरिएको थियो।

इडीले केजरिवाललाई 'आबकारी नीति घोटाला'को मुख्य योजनाकार भएको, ६ अर्बभन्दा धेरैको घुस लिएर गोवा विधान सभाको चुनावी अभियानमा खर्च गरेको जस्ता गम्भीर आरोप लगाएको छ। यो प्रकरण दिल्लीमा निजी क्षेत्रलाई मदिरा बिक्रीको लाइसेन्स वितरणसँग जोडिएको छ।

केजरिवाल पक्राउ परेपछि उनका वकिलहरूले पक्राउविरुद्ध बिहीबार राति नै सर्वोच्च अदालतसमक्ष निवेदन पेस गरेका थिए। तर, शुक्रबार सुनुवाइ हुनुअघि नै सर्वोच्च अदालतलाई निवेदन फिर्ता गरिदिन अनुरोध गरियो। सर्वोच्च अदालतबाट निवेदन फिर्ता लिएर तल्लो अदालतमा पेस गरिएको छ।

केजरिवालको गिरफ्तारीलाई लिएर भाजपा समर्थकले खुसी व्यक्त गरिरहेका छन् भने विपक्षी दलहरूले चर्को विरोध गर्दै छन्। रोचक के भने कुनै समय केजरिवाललाई खुबै मन पराउने सत्याग्रही अन्ना हजारेले भने यसलाई कर्मको फलका रूपमा चित्रण गरिदिए। 'कुनै समय मसँग काम गरेका, मदिराविरुद्ध आवाज बुलन्द गर्ने अरविन्द केजरिवालले नै अहिले मदिरा नीति बनाइरहेको कुराले म एकदमै मर्माहत छु। उनको गिरफ्तारी उनको आफ्नै कर्मको फल हो,' अन्ना हजारेको ट्विइट छ।

■ संवैधानिक व्यवस्था

भारतको संविधानको 'धारा २३९ एए'ले दिल्लीलाई राष्ट्रिय राजधानी क्षेत्रको विशेष दर्जा प्रदान गरेको छ। यही धाराले दिल्ली सरकार सञ्चालनको रूपरेखा पनि प्रस्तुत गर्छ। संविधानअनुसार मुख्यमन्त्रीले राष्ट्रपतिले चाहँदासम्म मात्रै पदमा कायम रही काम गर्न सक्छन्। जुनसुकै स्थितिमा पनि राष्ट्रपतिले मुख्यमन्त्रीलाई पदबाट हटाउन सक्छन्। राजनीतिक दाउपेचबीच यदि दिल्लीका उपराज्यपालले राष्ट्रपतिलाई गम्भीर आरोपमा गिरफ्तारी हुँदासमेत केजरिवालले आफ्नो पद परित्याग नगरेको पत्र लेखेमा राष्ट्रपतिले उनलाई पदबाट हटाउन सक्नेछन्। राष्ट्रपतिले मुख्यमन्त्रीलाई अपदस्थ गर्नुको अर्थ दिल्लीमा राष्ट्रपति शासन लागू हुनेछ। यसमा केन्द्रीय गृह मन्त्रालयको भूमिका मुख्य रहन्छ, किनकि यी काम गृह मन्त्रालयमार्फत नै पूरा गर्नुपर्ने हुन्छ। यो मुद्दा विपक्षी गठबन्धन इन्डियाका लागि लोकसभा निर्वाचनको सँघारमा भाजपालाई घेर्ने गतिलो मसला हुन सक्छ।

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनिले जापानबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालबस्तुको बिवरण	आकार प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	LAND CRUISER 300	SUV	TOYOTA	FJA300R-GNUZY	3346	JAPAN	1	53,900,000	53,900,000

युनाईटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि.

आनन्दनगर, धुम्वाराही, काठमाडौं

एक्जीम कोड नं. : ३०००४७३७२०१००NP, फोन नं. : ४००८८०१-५

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

Integrated Energy and Irrigation Special Program

Pulchowk, Lalitpur

Notice for Letter of Intent (LoI)

Date of Publication: 23rd March, 2024 (10th Chaitra 2080)

This is to notify that **Integrated Energy and Irrigation Special Program(IEISP)** expresses its intention to award the contracts to the following bidders, pursuant to Public Procurement Act 2063, sub clause 27.2 and 27.3 as listed below.

S.N.	Contract ID	Bid Amount NRs. (Including VAT and PS)	Lowest Evaluated Substantially Responsive Bidder's Name and Address
1	ITW-080/81-05	29,80,407.95	M/S Nawalpur Drilling and Construction Pvt. Ltd., Kawasoti-8, Nawalpur
2.	ITW-080/81-06	45,41,116.34	M/S SS Water Tubewell Construction and Services Pvt. Ltd., Bharatpur-10, Chitwan
3.	ITW-080/81-07	64,95,802.37	M/S Panchadev Agro and Bore Well Pvt. Ltd., Bhimdatta-3, Kanchanpur
4.	ITW-080/81-08	32,28,910.5	M/S Shreeman Drilling and Construction Pvt. Ltd., Bharatpur-10, Chitwan

Program Co-ordinator

Bagmati Province Government
Ministry of Water Supply, Energy and Irrigation

Water Supply and Sanitation Division No. 4

Manthali, Ramechhap

Invitation for Bid (IFB)

First date of publication: 22 March 2024

Water Supply and Sanitation Division No. 4, Ramechhap invites open competitive bidding from eligible bidders for the procurement of following works under National Competitive Bidding (NCB).

S. No.	Contract Identification No.	Description	Estimated Amount for the works (without VAT and PS)	Price of Bid Document (NPR)	Bid Validity Period	Bid Security / Bid Bond (NPR)
1	Const/NCB/05/080/081/WSSD4/Ramechhap	Construction of Phulashi Tamakoshi Water Supply Project	5614035.62	3000	90 days	1,46,000.00

- Bidder should bid electronically through e-procurement section of PPMO's Website: www.bolpatra.gov.np/egp
- Any conditions not covered shall be as per Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064. Any amendments in tender notice shall be published in www.bolpatra.gov.np/egp.
- Eligible bidders may obtain further information from PPMO web portal www.bolpatra.gov.np/egp or Water Supply and Sanitation Division No. 4, Ramechhap (Tel: 048-540110, email: wssdramechhap@gmail.com) during office hour.

Division Chief

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १० चैत ०८०
nayapatrikaofficial @naya_patrika

एक प्रयोगवादी कथाकार

परशु दाइ प्रयोगवादी साहित्यकार हुनुहुन्थ्यो । कथामा राम्रोभन्दा राम्रो प्रयोग गर्न खोज्नुहुन्थ्यो । समकालीनमध्ये उहाँ सबैभन्दा उत्कृष्ट कथाकार हो भन्ने मलाई लाग्छ । कथाको भाषा, शिल्प र शैली नै फरक छ उहाँको । कथ्य नै फरक किसिमको हुन्छ । वाक्य गठन, सम्प्रेषण शैली र कला नै फरक छ ।



प्रायः हाँसेरै बोल्नुहुन्थ्यो । कहिल्यै निराश देखिनुहुन्नथ्यो । जहिल्यै लेखनमा सक्रिय, हक्की स्वभाव । आफूलाई प्रस्तुत गर्न सक्ने जुझारु व्यक्तित्व हुनुहुन्थ्यो । आफ्नो विचारमा प्रस्ट हुनुहुन्थ्यो, कमजोर निम्छरो मान्छे होइन परशु दाइ ।

अभिच्युअरी



अविनाश श्रेष्ठ

नेपाली कथामा कायकल्प (मेटामर्फोसिस) भित्र्याउने नै परशु दाइ हो । 'चेस्टा ! चेस्टा !! चेस्टा !!!' कथामा उहाँले आधुनिक समयको एक पुरुष महिलामा परिणत भएको देखाउनुभएको छ ।

दन्त्यकथालाई उहाँले आधुनिक नेपाली कथामा ढाल्नुभएको छ । बडो स्वाभाविक ढंगले प्रस्तुत गर्नुभएको छ । त्यही नै परशु प्रधानको विशेषता हो । एउटा अर्को दन्त्यकथा यसको उत्कृष्ट उदाहरण हो ।

म परशु प्रधानलाई शक्तिशाली र प्रतिष्ठित लेखकका रूपमा लिन्छु । विद्यार्थीकालमा परशु प्रधान दाइका कथाहरू धेरै पढियो । 'फेरि आक्रमण' (२०२५), 'एउटा अर्को दन्त्यकथा' (२०२८) र 'असम्बद्ध' (२०३२) पढेर उहाँसँग निकै प्रभावित भएको थिएँ । उहाँको लेख्ने तरिका, शैली र कथावस्तुको चयनले निकै प्रभावित गऱ्यो । अहिलेको बोलीचालीको भाषामा भन्दा म उहाँको 'डाइहार्ट फ्यान' थिएँ ।

भेट्ने इच्छा स्वाभाविक नै हुने भयो । उहाँसँग पहिलो भेट र चिनजान २०४१ सालमा 'परशु प्रधानको प्रतिनिधि कथाहरू' विमोचन समारोहमा भयो । यस समारोहमा वासुशशी दाइले मलाई उहाँसँग परिचय गराइदिनुभएको हो ।

२०४४ सालताका उहाँ स्वास्थ्य मन्त्रालयमा कार्यरत हुनुहुन्थ्यो । त्यतिवेला टेलिफिल्म निर्माणका लागि गोरखापत्रमा विज्ञापन प्रकाशित भएको थियो । म उहाँलाई भेट्न मन्त्रालयमा गएँ ।

उहाँले सोध्नुभयो, 'के-के लेख्नुभएको छ ?' मैले उहाँलाई टेलिफिल्म बनाइरहेको बताएँ । तत्कालीन स्वास्थ्यमन्त्री सुशीला थापासँग भेटाइदिनुभएको थियो । उहाँको अग्रसरतमा स्वास्थ्य मन्त्रालयको बजेटमा मैले 'रक्षा' भन्ने टेलिफिल्म बनाएँ । टेलिफिल्ममा अभिनेत्री गौरी मल्लले अभिनय गर्नुभएको छ । यो म आफैंले निर्देशन गरेको टेलिफिल्म हो । उहाँको स्वभाव सहयोगी थियो ।

नयाँ मान्छेलाई समेटेर सँगै हिँडाउन चाहने मान्छे हुनुहुन्थ्यो । ०४७/४८ सालतिर हुनुपर्छ, परशु दाइले मलाई बोलाउनुभयो । 'आखिर म तेरो लोग्ने हुँ निर्मला !' कथा कुनै पत्रिकामा छापिएको थियो । उहाँले भन्नुभयो, 'भाइ, यो कथा टेलिफिल्म बनाउने दृष्टिले अध्ययन गर्नुस् ।'

कथामा 'निर्मला' (नारी) पात्र शक्तिशाली छ । लोग्नेभन्दा माथि उभिएको चरित्र पात्र 'निर्मला' छ । यो पात्र लोग्नेसँग टसल पर्ने पात्र हो । लोग्नेचाहिँ दबिएको चरित्र छ । कथा मैले मिहिन ढंगबाट पढें ।

त्यो कथा पढेपछि उहाँलाई फोनमा भनें, 'दाइ, वास्तवमा यो राम्रो टेलिफिल्म बन्छ ।' परशु दाइले भन्नुभयो, 'लेख्नुस् न भाइ, प्लिज लेख्नुस् ।' त्यसवेला टेलिफिल्म बनाउने नेपाल टेलिभिजनभन्दा अरू संस्था थिएन । नेपाल टेलिभिजनमा भनसुन गर्नुपर्थ्यो । उहाँले भन्नुभयो, 'अरू व्यवस्था म गर्छु । तपाईं लेख्नुस् ।' उहाँको कथालाई मैले सीप लगाएर पटकथा र संवाद लेखें । 'आखिर म तेरो लोग्ने हुँ निर्मला !' एक घण्टा ३० मिनेटको टेलिफिल्म बन्यो । प्रसारणमा आएपछि निकै लोकप्रिय भयो । परशु दाइ पनि टेलिफिल्म हेरेर मख्ख हुनुहुन्थ्यो । त्यसवेलाकी चर्चित कलाकार लक्ष्मी श्रेष्ठले यसमा निर्मलाको भूमिका गरेकी थिइन् ।

परशु दाइको नेतृत्वमा खोलिएको विराटनगरको वाणी प्रकाशनबाट थुप्रै साहित्यकारका कथा-कविता संग्रह छापिएका छन् । विराटनगरमा उहाँले लामो समय बिताउनुभयो । त्यहाँको बसाइभर साहित्य गतिविधिमा सक्रिय हुनुहुन्थ्यो । उहाँ चुप लागेर बस्ने मान्छे होइन । उहाँ लेखक, कवि मात्रै होइन, आफैंमा साहित्यको 'एक्टिभिस्ट' हो । आफू मात्रै होइन, अरूलाई पनि सक्रिय बनाउनुहुन्थ्यो ।

०५१ सालमा उहाँले जागिरबाट अवकाश लिनुभयो । उहाँ आफ्नो जागिरे जीवनबाट त्यति सन्तुष्ट हुनुहुन्न थियो । उहाँलाई जागिरमा पनि भेदभाव गरेको गुनासो सुनिन्थ्यो । यसपछि पनि हाम्रो भेट भइरह्यो, कहिलेकाहीं घरमै पनि बोलाउनुहुन्थ्यो । परशु दाइसँग हार्दिक सम्बन्ध सधैंभरि रह्यो । उहाँ सबैसँग खुलेर बोल्ने मान्छे । प्रायः हाँसेरै बोल्नुहुन्थ्यो । उहाँ कहिल्यै निराश देखिनुहुन्नथ्यो । उहाँ जहिल्यै लेखनमा सक्रिय देखिनुहुन्थ्यो । उहाँ हक्की स्वभावको पनि हुनुहुन्थ्यो । उहाँ आफूलाई प्रस्तुत गर्न सक्ने जुझारु व्यक्तित्व हो । आफ्नो विचारमा प्रस्ट हुनुहुन्थ्यो । उहाँ कमजोर निम्छरो मान्छे होइन ।

परशु दाइ अप्ठ्यारो मान्छे हुनुहुन्थ्यो भनेर कतिपयलाई भ्रम पनि थियो । तर, मलाई त्यस्तो कहिल्यै लागेन । उहाँ एकदमै सरल र सजिलो मान्छे हुनुहुन्थ्यो । जोसँग पनि मिल्न सक्ने खालको हुनुहुन्थ्यो । खासगरी नयाँ पुस्ताका मान्छेलाई धेरै प्रोत्साहित गर्नुहुन्थ्यो । लेख्न बाटो देखाइदिनुहुन्थ्यो । उहाँको स्वभाव त्यस्तै थियो । मलाई पहिलोपटक भेट्दा पनि हार्दिकतासाथ लिनुभयो । त्यसपछि उहाँसँग मेरो लगाव बढ्दै गयो । उहाँ र मेरो भेट पनि बाक्लियो ।

परशु दाइको नेतृत्वमा खोलिएको विराटनगरको वाणी प्रकाशनबाट थुप्रै साहित्यकारका कथा-कविता संग्रह छापिएका छन् । उहाँ चुप लागेर बस्ने मान्छे होइन । उहाँ लेखक, कवि मात्रै होइन, आफैंमा साहित्यको 'एक्टिभिस्ट' हो । आफू मात्रै होइन, अरूलाई पनि सक्रिय बनाउनुहुन्थ्यो ।

०६० सालताका उहाँ नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा उपकुलपति वा सचिव भएर आउने चर्चा पनि चल्यो । वासुदेव त्रिपाठी उपकुलपति भएर आउनुभयो । यसपछि उहाँ सचिव भएर आउनुहुन्छ भन्ने हल्ला थियो । उहाँलाई मैले त्यसवेला भेटेको पनि थिएँ । उहाँले हल्लालाई स्विकार्नुभएको पनि थियो । तर, के मिलेन, आउन पाउनुभएन । सायद उहाँ आएको भए साहित्यिक जगत्मा राम्रो हुने थियो ।

प्रयोगवादी साहित्यकार

उहाँ प्रयोगवादी साहित्यकार हो । कथामा राम्रोभन्दा राम्रो प्रयोग गर्न खोज्नुहुन्थ्यो । समकालीनमध्ये उहाँ सबैभन्दा उत्कृष्ट कथाकार हो भन्ने मलाई लाग्छ । उहाँको कथाको भाषा, शिल्प र शैली नै फरक छ । उहाँको कथ्य नै फरक किसिमको हुन्छ । वाक्य गठन र सम्प्रेषण शैली र कला नै फरक छ ।

उहाँ फरक शैली र फरक दृष्टिको अख्यानकार हो । उहाँले थुप्रै उत्कृष्ट कथा संग्रह दिएर जानुभयो । पछिल्लो समय कथा संग्रहका सिरिज लेख्न थाल्नुभएको थियो । उहाँले 'घर' कथाको सिरिज लेख्नुभयो । त्यसमा २० वटाजति कथा समेटिएका छन् । कथामा भिन्नभिन्नै पात्र, भिन्नभिन्नै परिस्थिति र भिन्नभिन्नै चरित्र छन् । उहाँले कथाभित्र यौनका प्रसंगहरू ल्याउनुभएको छ । 'घर'लाई उहाँले कथोपन्यास नामकरण गर्नुभयो । 'सिताहरू' कथाको सिरिजमा पनि परशु दाइले केही कथा लेख्नुभएको छ । यो कथाभित्र पनि यौनका प्रसंग ल्याउनुभएको छ । त्यसलाई उहाँले 'कथोन्योस' भनेर नामकरण पनि गर्नुभएको छ । कथाको टुक्रा-टुक्रा जोडेर उपन्योसको रूप दिन सकिन्छ भन्ने उहाँको नौलो अवधारणा थियो । नेपाली कथा साहित्यमा यो नवीन विचार थियो ।

उहाँले नेपाली कथामा यौनलाई घुसाउनुभयो । कसैकसैले उहाँका कथा अश्लील भए भनेको पनि सुनिन्थ्यो । तर, मलाई त्यस्तो लाग्दैन । उहाँले पारिवारिक विघटनभित्र यौनको सन्दर्भ ल्याउनुभएको छ । आलोचनात्मक यथार्थवादअन्तर्गत उहाँले यौनकथालाई नेपाली कथामा प्रवेश गराउनुभयो ।

उहाँले पहिलो चरणमा स्वेरकाल्पनिक कथाहरू लेख्नुभयो । दोस्रो चरणमा प्रशस्तै सामाजिक यथार्थवादी कथाहरू लेख्नुभएको छ । 'टोकियोमा सानो बुद्ध', उहाँको सामाजिक यथार्थवादी कथाको उत्कृष्ट नमुना हो । मैले प्रज्ञा प्रतिष्ठानको 'समकालीन साहित्य पत्रिका'को सम्पादक छँदा यो कथा छापेको थिएँ । उहाँका धेरै मास्टरपिस कथाहरू त्यतिवेला मैले छापें ।

दौलतविक्रम विष्ट, रमेश विकल, विजय मल्ल, गोविन्द गोठाले, माधवलाल कर्माचार्यलगायतको तुलनामा परशु प्रधानको कथा फरक छ । उहाँको लेखनीमा वैचारिक ऊर्जा आउँछ । विजय मल्लहरू लामो वाक्यमा लेख्नुहुन्थ्यो । उहाँहरूको कथानक विकास गर्ने तरिका फरक थियो । परशु दाइको लेखन प्रस्ट बुझिने किसिमको छ । कथामा चेतना र भाषिक शिल्प फरक पाइन्छ । त्यस्तै, कथामा कथ्यकला, वाक्य गठन, सम्प्रेषित गर्ने शैली नै फरक छ । उहाँ त्यो नै कला हो । त्यसैले फरक दृष्टि र शैलीको कथाकारको परिचय बनाउनुभयो । उहाँ विशिष्ट कथाकार भएर पनि चर्चा जति हुनुपर्ने हो, त्यति हुन सकेन । यसलाई दुर्भाग्य मान्नुपर्छ ।

> रमेश विकल, गोविन्द गोठाले, विजय मल्लहरू लामो वाक्यमा लेख्नुहुन्थ्यो । उहाँहरूको कथानक विकास गर्ने तरिका फरक थियो । परशु दाइको लेखन प्रस्ट बुझिने किसिमको छ । उहाँ विशिष्ट कथाकार भएर पनि चर्चा जति हुनुपर्ने हो, त्यति हुन सकेन ।

'चेस्टा ! चेस्टा !! चेस्टा !!!

नेपाली कथामा मेटामर्फोसिस भित्र्याउने नै परशु दाइ हो । उहाँले 'चेस्टा ! चेस्टा !! चेस्टा !!!' मा मेटामर्फोसिस प्रयोग गर्नुभएको छ । कथामा उहाँले आधुनिक समयको एक पुरुष महिलामा परिणत भएको देखाउनुभएको छ । स्वेरकल्पना यथार्थलाई अलि अर्कै किसिमले देखाउने तरिका हो, जुन यथार्थजस्तो लाग्दैन । तर, उहाँले यथार्थलाई फरक ढंगले देखाउनुभयो । यो कथामा लोग्न मान्छे, स्वास्नी मान्छेमा परिणत हुनु अति यथार्थ हो । त्यसलाई उहाँले बडो स्वाभाविक ढंगले कथामा बुन्नुभएको छ ।

नेपाली भाषाका विभिन्न दन्त्यकथा छन् । तिनलाई परशु दाइले नेपाली आधुनिक कथामा प्रयोग गर्नुभयो । आधुनिक कथामा नेपाली दन्त्यकथा ल्याउनु उहाँको खास खुबी देखिन्छ । उहाँको 'एउटा अर्को दन्त्यकथा' (२०२८) त्यसको उत्कृष्ट उदाहरण हो । बाल्यकालमा सुनिएका त्यस्ता कथालाई उहाँले आधुनिक नेपाली कथामा ढाल्नुभएको छ । बडो स्वाभाविक ढंगले प्रस्तुत गर्नुभएको छ । त्यही नै परशु प्रधानको विशेषता हो । यो कथामा विचित्र शिल्प छ । महाभारतकालीन कथालाई आधुनिक कथामा ल्याउनुभएको छ । नेपाली कथामा स्वेरकल्पनाको प्रयोग विजय मल्लले पनि प्रयोग गर्नुभएको छ । तर, उहाँले प्रयोग गरेको स्वेरकल्पनाको कथानक विकास र पात्र छनोट गर्ने तरिका फरक छ । खासगरी विज्ञान कथालाई स्वेरकल्पनाको आधार बनाएको पाइन्छ । तर, परशु दाइले सामाजिक कथालाई स्वेरकल्पनामा रूपान्तरण गर्नुभएको छ । यो नै परशु प्रधानको शक्ति बन्यो ।

उहाँले जीवनकालको पहिलो र दोस्रो चरणमा स्वेरकाल्पनिक कथा लेख्नुभयो । पछिल्ला चाहिँ आलोचनात्मक यथार्थवादी कथाहरू छन् । 'सिताहरू', 'घर', 'टोकियोमा सानो बुद्ध', 'आखिर म तेरो लोग्ने हुँ निर्मला !' लगायत उहाँका 'आलोचनात्मक यथार्थवादी' कथा हुन् । यसअघि 'फेरि आक्रमण' २०२५ , 'एउटा अर्को दन्त्यकथा' २०२८ र 'असम्बद्ध' २०३२ मा स्वेरकल्पनाको प्रयोग गरिएको पाइन्छ । पछि उहाँले आफ्ना प्रयोगमाथि विश्वास नलागेर पनि हुन सक्छ 'आलोचनात्मक यथार्थवादी' कथाहरू लेख्न थाल्नुभयो । हुन त लेखक सधैं एकै ठाउँमा रहँदैन । लेखकले आफ्नो शैली, शिल्प र लेख्ने तरिका फेरिरहन्छ । तर, मलाई चाहिँ लेखक एउटा शैलीमा जमिसकेपछि तत्काल आफ्नो शैली फेर्नुहुँदैन जस्तो लाग्छ । पछि आफ्नो लेखन शैलीलाई फेर्दा पुरानो पाठक गुक्ने खतरा हुन्छ । परशु दाइले पनि स्वेरकल्पनाबाट यथार्थवादी'मा आउँदा आफ्ना पुरानो पाठक गुमाउनुभएको थियो ।

चर्चित कथाहरू

मेरो कोठाको आँखाबाट (२०१९) परशु प्रधानको पहिलो कथा थियो । २०२५ सालमा 'वक्ररेखा' र 'फेरि आक्रमण' गरी उनका दुई कथासंग्रह प्रकाशित भएका थिए । प्रधानका 'एउटा अर्को दन्त्य कथा' (२०२८), 'असम्बद्ध' (२०३२), 'समुद्रमा अस्ताउने सूर्य' (२०३५), 'प्रतिनिधि कथाहरू' (२०४१), 'यौटा क्रान्तिपुरुषको जन्म'(२०५०), 'कथा र रचनागर्भ' (२०५७), 'उत्तरार्द्ध' (२०५८) र 'परशु प्रधानका उत्कृष्ट कथा' (२०६८) लगायत कथासंग्रह प्रकाशित छन् ।

अनिर्णय, टोकियोमा सानो बुद्ध, 'चेस्टा ! चेस्टा !! चेस्टा !!!, मृत्युको गन्धभित्र चियाको पानी, खलनायकहरू, पुतलीको लासमाथि, भाग्नेहरू, छिँडीभरिको आकाश, घर, अहिले लहर चुपचाप बग्छ लगायत कथाहरू निकै चर्चित छन् ।

प्रस्तुति : पवन बराइली

द रेड सुटकेसले नयाँ स्वाद दिनेछ



सिने-संवाद

तस्बिर : दिपेन्द्र ढुंगाना

■ फिडेल देवकोटा, फिल्म निर्देशक

झन्डै दुई दशकदेखि नेपाली फिल्म क्षेत्रमा सक्रिय फिडेल देवकोटा अन्तर्राष्ट्रिय बजारमा उपस्थिति जनाउने थोरै नेपाली फिल्ममेकरमध्ये एक हुन्। उनी निर्देशित 'द रेड सुटकेस' इटलीको प्रतिष्ठित भेनिस फिल्म फेस्टिभलमा प्रदर्शन भएको थियो। केही समयअघि मात्रै उनलाई जर्मनीको बर्लिन फिल्म फेस्टिभलले उदीयमान फिल्ममेकरका रूपमा बर्लिनाले ट्यालेन्टमा समावेश गरेको थियो। उनीसँग नयाँ पत्रिकाका पवन बराइलीले गरेको कुराकानी :

बर्लिनाले ट्यालेन्टको अनुभव कस्तो रह्यो ?

फिल्म फेस्टिभल महत्त्वपूर्ण प्लेटफर्म हो। यहाँ नेटवर्किङ विस्तार हुन्छ। एउटा फेमिलीभित्र छिरेजस्तो हुन्छ। विश्वका सिनेमा हस्तीहरूसँग अन्तर्क्रिया गर्न पाउनु हामी नेपाली फिल्ममेकरका लागि दुर्लभ अवसर हो। बर्लिनालेमा ६८ देशका ट्यालेन्ट चलचित्रमी सहभागी थिए। उनीहरूको देशको कथा भन्ने शैली, ती देशका कथा र मान्छेहरूसँग साक्षात्कार गर्न पाउनु हाम्रा लागि ठूलो कुरा हो।

यसअघि भेनिसमा फेस्टिभलमा धेरै दर्शकलाई 'रेड सुटकेस' देखाइयो। १३-१४ सयजनालाई एकैपटक देखाउँदा अलग्गै मज्जा आउने रहेछ। त्यो वातावरण पैसाले किनेर पाइँदैन।

फेस्टिभल जाँदा वा नजाँदा निर्देशकलाई के फरक पर्छ ?

फेस्टिभलले नवनिर्देशकलाई ऊर्जा दिन्छ। केही वर्ष तपाईंको यात्रा सहज बनाउँछ। तर, आफ्नो कला सिर्जना कुन-कुन फेस्टिभलमा गयो भन्ने ठूलो होइन। तपाईंले भन्न खोजेको कथालाई सबैले बुझ्ने गरी भन्न सक्नुभयो कि भएन भन्ने प्रश्न महत्त्वपूर्ण हो। यसअघि मैले एउटा फिल्म आठ वर्ष लगाएर बनाएको थिएँ। तर, यसबारे धेरैले थाहा पाएनन्। कसैले चिन्यो वा चिनेन भन्ने मेरो गुनासो रहेन। आफ्नो सही समय आउँछ भनेर कुरेर बसें। कुनै बिरुवा हुर्किंदा हाँगा हालेको देखिन्छ, जरा हालेको देखिँदैन। सायद मेरो जरा फैलिँदै थियो होला। मेरो एउटा सिनेमा विदेशी फेस्टिभल गयो। अर्को सिनेमा नजान पनि सक्छ। तर, मैले आफ्नै शैलीमा कथा भनिरहेको छु।

> फेस्टिभलले नवनिर्देशकलाई ऊर्जा दिन्छ। केही वर्ष तपाईंको यात्रा सहज बनाउँछ। तर, आफ्नो कला सिर्जना कुन-कुन फेस्टिभलमा गयो भन्ने ठूलो होइन। तपाईंले भन्न खोजेको कथालाई सबैले बुझ्ने गरी भन्न सक्नुभयो कि भएन भन्ने प्रश्न महत्त्वपूर्ण हो।

विश्वका ठुल्ठूला निर्देशक कस्ता-कस्ता फेस्टिभल पुगे। तर, उनीहरू अहिले कहाँ छन् थाहा छैन। साधना नै सबैभन्दा महत्त्वपूर्ण हो। तपाईंसँग साधना छ भने कालजयी हुन्छ।

नेपाली सिनेमामा खट्किरहेको पक्षचाहिं के छ ?

वर्ल्ड सिनेमामा हाम्रो उपस्थिति बढ्दो छ। फिल्म लिएर हामी भेनिस, बर्लिन पुगिरहेका हुन्छौं। तर, राज्यका प्रतिनिधिको उपस्थित त्यहाँ देखिन्न। बर्लिनमा नेपाली फिल्ममेकर पुग्दा चलचित्र विकास बोर्डका प्रतिनिधि लन्डनमा भाषण गरिरहेका थिए। विकास बोर्डका मानिस बर्लिन जानुपर्ने थियो। इज्जतका साथ जाने मौका थियो नि ! यति वेला नगए कहिले जाने ?

देशका लागि सिनेमा 'सफ्ट पावर' हो। कोरियाले सिनेमामार्फत विश्वमा आफ्नो संस्कृति बेचिरहेको छ। सिनेमा र संगीतको माध्यमबाट त्यहाँको प्रडक्ट पनि बेचिरहेको छ। उनीहरूसँग त्यस्तो कूटनीति छ। तर, हाम्रोमा चलचित्र विकास बोर्डले यतातिर सोचेको देखिएन। अर्कोतर्फ हाम्रो सिनेमामा बौद्धिक बहस भइरहेको देखिन्न। सिनेमाबारे अध्ययनको पनि कमी छ।


दुई-चार वर्षमा आफ्नै पहलबाट कोही निर्माता-निर्देशक विदेशी मञ्चमा पुग्ला। तर, हिँड्दै छ पाइला मेट्दै छ भनेजस्तै भइरहेको छ।। दर्शकलाई हलसम्म ल्याउने हाम्रो रणनीति पनि बनेको छैन। डेढ-दुई करोडमा फिल्म बनाउँछौं। वर्षमा झन्डै एक सय फिल्म बन्छ। पाँचवटा फिल्म चल्छ, अरू सबै चल्दैन।

हामीले फिल्म मात्रै बनाएर हुँदैन। एउटा माहोल पनि बनाउनुपर्छ। कलकत्तामा शुक्रबार सिनेमा हेर्ने जाने कल्चर छ। यस्तो संस्कृति बसाल्न नसक्दाका दोषी फिल्म मेकर आफैं नै हौं। राम्रो उत्पादनको माग जहिले पनि हुन्छ। तर, अहिलेसम्म पनि हामी वासुदेव, मुकुण्डो, नुमाफुङ भनिरहेका छौं। किनकि पछिल्लो समय हामीले मौलिक सिनेमा बनाउन कम बनाएका छौं।

विदेशी फेस्टिभलहरूमा उपस्थिति जनाएर राम्रो प्रतिक्रिया पाएका फिल्म नेपालमै नचलेका उदाहरण धेरै छन्। 'द रेड सुटकेस'लाई पनि दर्शक नआउने डर त छैन ?

सबैलाई एउटा स्वाद मन पर्छ भन्ने हुँदैन। मःम, पिज्जा, बर्गर सबैलाई एउटै मन पर्दैन। यी सबैको फरक फरक स्वाद छ। मेरो सिनेमालाई सबै वर्गले मनपराउनु पर्छ भन्ने पनि हुँदैन। तर, दर्शकका लागि यो नयाँ स्वाद हुनेछ। ३० चैतदेखि नेपाली सिनेमाघरमा यो फिल्म प्रदर्शनमा आउँदैछ। मेरो काम पस्किने हो। बाँकी टिप्पणी दर्शकले नै गर्नुहुनेछ। आफ्नो घरमा सिनेमा लिएर आउँदा छुट्टै अनुभव हुँदो रहेछ। घरेलु दर्शकमाझ सिनेमा देखाउन पाउँदा म व्यक्तिगत रूपमा निकै उत्साहित छु। मलाई यो सिनेमाले पैसा उठाउँछ कि उठाउँदै भन्ने पिर होइन। यस्ता खालका सिनेमा दीर्घकालीन रूपमा कसरी निर्माण गर्न सकिन्छ भन्ने चुनौती छ।







फोटो कथा

बदलिँदो हुम्ला

हुम्ला अझै राष्ट्रिय सडक सञ्जालमा जोडिइसकेको छैन। नेपाली सेनाले निर्माण गरिरहेको सडक छारेखण्डसम्म पुगेको छ, यसलाई १५ वैशाखसम्म सेनाले हस्तान्तरण गर्नेछ। कर्णालीको तीरैतीर पहिलोपटक हुम्लाको छारेखण्डसम्म पुग्ने जोकोहीको मुटु डरले पटक-पटक ढक्क फुल्छ। हुम्ला पुगेसँगै हरियाली डाँडापाखा, फुलेका खुरपानी, स्थानीयस्तरमै पाइने स्रोतसाधनबाट निर्माण भएका पानीघट्ट, प्रकृतिमै उपलब्ध सामग्रीबाट निर्माण गरिने सुन्दर कपडा, आफ्नै भाषा, संस्कृतिजस्ता विविध कुराले मनै आनन्द बनाउँछ। यहाँका खार्पुनाथ मन्दिर, रिन्चेलिङ गुम्बा, लिमी उपत्यका, रलिङ गुम्बा, याल्वाङ गुम्बा, तिब्बतको मानसरोवर र कैलाश पर्वत पुग्ने प्रमुख मार्ग, कर्णाली जलविहार, पञ्चमुखी, दूधकुण्ड, गोरख खाड, तातोपानीका मुहानहरू यहाँका मुख्य पर्यटकीय आकर्षणका केन्द्रबिन्दु हुन्। देशका अन्य पालिकाजस्तै हुम्लाका पालिकाले पूर्वाधार विकासलाई प्राथमिकता दिएको देखिन्छ। सडक खन्न विभिन्न ठाउँमा डोजर पुगेका छन्। तर, आफ्नो खेतबारी खनेको देख्दा स्थानीयले चित्त दुखाएका पनि छन्। पुराना घरलाई आधुनिक डिजाइनका घर, टिनलगायतले विस्थापित गर्न थालेका छन्। गाउँमा अझै ओखल र पानीघट्ट देख्न सकिन्छ। तर, स्थानीयले आधुनिक मेसिनको माग गर्न थालेका छन्। बसा थापा, सपुरा फडेरा, बासकली रावतजस्ता महिलाहरू रक्सोलबाट किनेर ल्याएको कपडामा बुट्टा हालिरहेका देखिन्छन्। गाउँघरमा हुने विकास निर्माणका काममा महिलाहरूले पनि नेतृत्व लिन थालेका छन्।

● शब्द/तस्बिर : **शान्ति तामाङ**

> सडक खन्न विभिन्न ठाउँमा डोजर पुगेका छन्। तर, आफ्नो खेतबारी खनेको देख्दा स्थानीयले चित्त दुखाएका पनि छन्।

१. घोडाको रौँबाट बनाइएको डोरी।
२. कर्णाली करिडोरमा गुड्दै गरेका ट्रक।
३. कपडामा बुट्टा भर्दै स्थानीय महिला।
४. उनापानीका पुराना घर।
५. उनापानीमा बदलिँदै गरेका घर।
६. हुम्लाको सर्केगाड गाउँपालिकाबाट देखिएको हिमाल र कर्णाली नदी।
७. गाउँगाउँमा सडक पुऱ्याउन प्रयोग गरिएको डोजर।
८. ढुवानीको साधन खच्चड।
९. पुरानो घरमा प्रयोग गरिएका लिस्नु।

साप्ताहिक राशिफल

१० चैत (शनिबार) - १६ चैत (शुक्रबार)

● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

भूमि, वाहन र पैतृक सम्पत्तिबाट लाभ मिल्ने योग छ। व्यापारमा फाइदा हुनेछ। कीर्तिमानी काम गर्ने समय छ। विशिष्ट व्यक्तित्वहरूसँग मित्रता बढ्नेछ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ। लामो समयदेखि प्रतीक्षा गरिएको काम बन्ने शुभ योग छ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

परोपकार र सामाजिक क्षेत्रको लगानी शुभ हुनेछ। सफलता मिल्नेछ। घरायसी सुखको अनुभूति हुनेछ। साथीभाइसँग भेटघाट हुनुका साथै मनोरञ्जनात्मक काममा संलग्न भइनेछ। साताको अन्त्यमा दाजुभाइ र दिदीबहिनीले दिएको सुझावलाई पालना गर्दा लाभ हुनेछ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। सहयोगीहरूले अप्ठ्यारो समयमा साथ दिनाले चुनौतीहरूलाई पार लगाउन सकिनेछ। गोप्य रहेर कार्य गर्दा नसोचेको धन लाभ हुनेछ। साताको अन्त्यमा धार्मिक यात्राको योग छ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

धनार्जन र रमाइलो पारिवारिक भेटघाटमा मन रमाउनेछ। आफन्त र साथीभाइको सहयोग तथा हौसला प्राप्त हुनेछ। मनपर्ने भौतिक साधन जोड्ने योग छ। बिहीबारदेखि नयाँ कार्यको थालनी हुने योग छ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

आर्थिक क्रियाकलापमा सोचेअनुरूप फाइदा हुने छ। अनावश्यक वादविवाद र झमेलामा पर्ने योग रहेकाले विशेष सावधानी अपनाउनु पर्नेछ। काममा देखिएका विघ्नबाधा हटाउन निरन्तर लागिपर्नु पर्नेछ। साताको अन्त्यमा व्यावसायिक काममा सामान्य फाइदा उठाउन सकिने छ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम गर्ने मौका मिल्नेछ। विभिन्न उपहार प्राप्त हुने छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम सुरु हुने छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शुक्रबार प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

आत्मबल बलियो बनाउनु पर्नेछ। सोचेको काममा विजय प्राप्त हुनेछ। कुनै महत्त्वाकांक्षी योजना कार्यान्वयन गर्न गोपनीय बाटोमा हिँड्नु राम्रो हुनेछ। पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ। बुधबारदेखि परिवारमा आमाको माध्यमबाट काम बन्ने योग छ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

सानातिना घरेलु काममै अलमलिएर समय व्यतीत हुन सक्छ, सचेत रहनु पर्नेछ। काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। सहयोगीले अप्ठ्यारो समयमा साथ दिनाले चुनौतीलाई पार लगाउन सकिनेछ। साताको अन्त्यमा रमाइलो यात्राको योग छ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

भौतिक साधन जुट्नेछन्। दिगो फाइदा हुने काम सुरु हुनेछ। मिहिनेत गरेका काममा सफलता मिल्नेनेछ। आर्थिक क्रियाकलापले दूरगामी फाइदा हुनेछ। चिन्तन र विचारका बलमा समुदायमा आफ्नो साख जोगाउन सकिनेछ। बिहीबार प्रशंसकहरूले साथ दिनेछन्।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

पारिवारिक भेटघाटको समय छ। विशेष व्यक्तित्वलाई भेट्ने मौका छ। प्रतिष्ठित कामले आत्मविश्वास बढाउनेछ। पठनपाठनमा प्रगति हुनेछ। सहयोगीहरूले सकेको सहयोग गर्नेछन्। शुभचिन्तकको दृष्टि पर्नाले काममा सफलता मिल्नेछ। विभिन्न अवसरले पछ्याउनेछन्।


कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

सजग र सतर्क भई काम गर्न सके यो साता विशेष लाभदायक बन्नेछ। आफ्नै सुझबुझ र परिश्रमको भर पर्नु राम्रो हुन्छ। अरूको विश्वास जिते पनि आफन्तबाट धोका हुन सक्छ। साताको अन्त्यमा कडा मिहिनेत र उचित सुझबुझका आधारमा प्रतिष्ठित काम गर्ने मौका छ।


मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)


सरकारी वा प्रशासनिक काममा सफलता मिल्नेछ। विभिन्न भौतिक साधन जुट्नेछन् भने गरेका कामबाट प्रशस्त लाभ हुनेछ। व्यापारमा प्रशस्त फाइदा हुने योग छ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। साताको अन्त्यमा पितृधनलाई उपयोग गर्न सकिनेछ।

वान हन्ड्रेड इयर्स अफ सोलिट्युड : ग्राबियल ग्रासिया मार्क्वेजको यो उपन्यासले बुन्डिया परिवारको कथामार्फत कोलम्बियाको समाजको चित्र प्रस्तुत गर्छ। गृहयुद्ध, आप्रवासनलगायत विषय गजबसँग प्रस्तुत गरिएको छ। 'जादुयी यथार्थवाद'लाई यस उपन्यासले विश्वप्रसिद्ध बनायो। यसलाई विश्व साहित्यकै उत्कृष्ट उपन्यासमध्ये एक मानिन्छ।



द गड अफ स्मल थिंग्स : अरुन्धती रोयको यो उपन्यासले १९९७ मा बुकर प्राइज पनि जितेको थियो। यसमा १९६० को दशकको केरलाको राजनीतिको कथा निकै गजबसँग देखाइएको छ।


















जीवन विज्ञानको होम डेलिभरी

सुख, शान्ति र समृद्धि

मानिसले आफ्नो जीवनयापन गर्न आवश्यक सबै भौतिक सुखसुविधा खरिद-बिक्री गर्न सक्छ। तर, आफ्नो वास्तविक लक्ष्य : सुख, शान्ति र समृद्धिको न कतै बिक्री स्टल राख्न सक्छ, न त खरिद नै गर्न सक्छ।

खुसी रहने मानिसले मात्र शान्ति महसुस वा प्राप्ति गर्न सक्छ भन्ने कुरा हामीले आत्मसात् गर्नैपर्छ। किनभने दुःखी मानिसले न त शान्ति महसुस गर्न सक्छ, न प्राप्ति नै। यही सुख र शान्तिको समग्रता नै समृद्धि हो। सुख, शान्ति र समृद्धि मानवजीवनको अन्तिम र एक मात्र ठूलो लक्ष्य आनन्द प्राप्तिका खुट्किला हुन्।

जीवन विज्ञान संस्थाले घरघरमा सुख, शान्ति र समृद्धिको डेलिभरी दिने कुरा झ्वाट्ट सुन्दा अस्वाभाविकजस्तो लाग्न सक्छ। तर, जीवन विज्ञानले सञ्चालन गरेको चक्र विज्ञानको कार्यक्रम लिएपछि आएको सकारात्मक परिवर्तनले सुख-शान्तिको महसुस गराएर आफैँभित्र रहेको खुसीको अमूल्य खजानासँग भेट गराइदियो।

खासमा जीवन विज्ञान संस्थाले कुनै नयाँ र अनौठो कुरा गरिरहेको होइन। वेदव्यासलगायत हाम्रा ऋषिमुनिहरूले सिंगो मानवजातिको उत्थानका लागि सिर्जना गरेका, तर वर्तमान पिँढीबाट दुरुपयोग र अपहेलित बनाइएका वेद पुराणहरू, भागवत गीता, पतञ्जली योग सूत्र तथा भगवान् बुद्धको योग प्राणायाम र ध्यानको मुर्छित विरासतलाई मलजल, सिञ्चित र सदुपयोग गरी नेपाल र नेपालीको मात्र होइन, सिंगो मानवजातिको कल्याणमा योगदान पुऱ्याएको मात्र हो। अर्थात्, हाम्रै लुम्बिनीमा सामान्य मानिसको रूपमा जन्मनुभएका सिद्धार्थ गौतम ध्यानको साधनाबाट आफू प्रकाशित भई भगवान्को रूपमा उदाउँदै 'अप दीप भव' (तिमी स्वयं आफ्नो प्रकाश बन) सन्देश दिँदै विश्वशान्तिको अग्रदूत हुनुभएको विरासत यस संस्थाले पुनर्स्थापित गर्न खोजेको देखिन्छ।


जीवन विज्ञानले यही १७ देखि २३ चैत्रसम्म पाँच हजारजनालाई एकसाथ हरेक मानिसमा रहने सात शक्तिकेन्द्र वा चक्र जगाउन लुम्बिनीमा विराट् चक्र विज्ञानको कार्यक्रम आयोजना गरेको छ। यो कार्यक्रम नेपाली जनजनमा र घरघरमा सुख, शान्ति र समृद्धिको डेलिभरी दिन जीवन विज्ञानले खन्न लागेको बाटो हो। किनभने सामान्य मानिसको रूपमा जन्मनुभएका सिद्धार्थ गौतम आफ्नो शरीरका सात शक्तिकेन्द्र जगाउँदै गरेको ध्यानको साधनाबाट बुद्ध बन्नुभएको थियो। जीवन विज्ञानले त्यही साधना गराउन भइरहेको छ।

यति मात्र होइन, आत्मनिर्भर बन तिमीभित्र रहेको खुसी मान्छेले त के भगवान्ले पनि छिन्न सक्दैनन् भन्ने आत्मज्ञान जगाइदिँदै चक्र साधनाबाट ऊर्जा प्रकट गर्ने, प्रकटित ऊर्जामा खुसी पनि लगानी गर्दै कर्म गर्न सिकाएर हरेक व्यक्ति सक्षम र सफल बन्ने सूत्र पनि दिँदै छ। भनै महत्त्वपूर्ण कुरा त के छ भने हाम्रा पुर्खा र ऋषिमुनिहरूले लामो अनुसन्धान र तपस्या गरेर तपोभूमिको रूपमा स्थापित गरेको विरासतलाई उचाइमा उठाउनुपर्नेमा भरथेगसम्म गर्न नसकेको तथ्यलाई आत्मसात् गर्दै विरासत जान्न, बुझ्न र जाग्न सबै सरोकारवालामा आह्वान गरेको छ। भगवान् शिवले आराधना गरेको हिमवत् खण्ड, राजा जनकको मिथिला सभ्यता तथा अष्टावक्र गीता र भगवान् बुद्धले विश्वभर फैलाएको शान्ति सन्देशमा क्षति पुगी युवा जति खाडीमा, उर्वर भूमि झाडीमा र स्वर्गीय आनन्द दिने गाउँबस्ती बिराना वृद्धाश्रममा परिणत भई आर्थिक सामाजिक सांस्कृतिक र सुरक्षाको हिसाबले समेत कमजोर भएको यो हाम्रो मातृभूमिको अवस्थालाई सुधार्न, नेपाललाई ऊर्जा ध्यानको पहिलो अन्तर्राष्ट्रिय गन्तव्यस्थलको रूपमा विकास गर्नमा हरेक नेपालीलाई सक्षम बनाउँदै, पुर्खाको विरासतलाई पुनर्ताजगी र पुनर्स्थापित गराउनमा जीवन विज्ञान होमिएको छ।

हरेक व्यक्ति सक्षम कसरी हुन सक्छ भन्ने बुझ्न जीवनको विज्ञान बुझ्न जरुरी हुन्छ। मानिसको शिरको भागमा रक्तवाहिनी नलीहरू (स्नायु) हरूले बनेको जालोभित्र हाम्रो मस्तिष्क रहेको हुन्छ। त्यसको एउटा भाग गर्धनबाट ढाडको हड्डीभित्र कम्मर (मेरुदण्ड) सम्म जोडिएको हुन्छ। त्यही मेरुदण्डमा शरीरका सात शक्तिकेन्द्र रहेका हुन्छन्। अलग-अलग काम गर्ने मानिसका पाँच ज्ञानेन्द्रियलाई पनि नाडीहरूले मस्तिष्कसँग जोडेका हुन्छन्। ज्ञानेन्द्रियहरूले पहिला आफूले सूचना पाउँछन्, त्यसपछि मस्तिष्कमा पठाउँछन्। मस्तिष्कले सूचना पाएपछि मात्र मानिसले थाहा पाउँछ। त्यो थाहा पाउने क्षमता चेतना हो। मस्तिष्क मन हो। त्यसैले सँगसँगै उच्चारण गरी मनमस्तिष्क भन्ने गरिएको हो। मनलाई इच्छाहरूको पोको पनि भनिन्छ। ज्ञानेन्द्रियहरू चेतनासँग मिलेर इच्छा जन्माउँछन्। राम्रो लागे पाउने, नराम्रो लागे त्याग्ने दुई प्रकारका इच्छा हुन्छन्। इच्छा कसरी पूरा गर्ने भन्ने चिन्तन बुद्धिले गर्छ र निचोडको रूपमा विचार जन्माउँछ।

मन आत्मामा बस्ने आश्चर्यजनक शक्ति हो। मनको स्थूल रूप प्राण वा सास हो। त्यसैले सास रोकिए मन नियन्त्रित हुन्छ। मृत्युसम्म मनले प्राणलाई शरीरमा राख्छ, जब मृत्यु हुन्छ, तब प्राण लिएर मन आत्मासँगै शून्यतामा जान्छ।

मनबाटै सबै विचार प्रकट हुन्छन्। विचारका अतिरिक्त मनजस्तो कुनै कुरा हुँदैन। त्यसकारण विचार मनको स्वरूप हो। पृथ्वीको गुरुत्वाकर्षण शक्ति भएजस्तै हाम्रो मनमा विचारहरूलाई तान्ने स्वाभाविक शक्ति छ। चुम्बकले फलाम स्वतः तानेझैँ राम्रा विचारले स्वतः राम्रा विचार तान्छ, नराम्रा विचारले स्वतः नराम्रा विचार तान्छ। एउटा सानो बीजले ठूलो वृक्ष उत्पत्ति गरेजस्तै विचारहरूमा रचना गर्ने शक्ति हुन्छ। औषधिमा भन्दा रोग निको पार्ने शक्ति विचारमा हुन्छ भन्ने कुरा अमेरिका र बेलायतका डाक्टरहरूले सिद्ध गरिसके (खप्तड बाबाद्वारा प्रणित विचार विज्ञान पृष्ठ ४९)।



राम्रा विचार सूक्ष्म परमाणुले बनेको हुँदा माथि रहन्छन्, नराम्रा विचार जडयुक्त हुने हुँदा हाम्रै आसपासमा पाइन्छन्। त्यसैले नराम्रा विचार आफैँ आउँछन्, राम्रा विचार मनमा ल्याएर टिकाउन साधना गर्नुपर्ने हुन्छ। हो, त्यही साधना गराएर मानिसमा रहेका सातैवटा चक्र जगाउँदै हरेक उसको मन राम्रा विचारतर्फ मात्र केन्द्रित गराएर त्यसलाई टिकाउन सक्षम बनाउँदै छ, जीवन विज्ञानले।

राम्रा विचारमा सत्यता, स्वाध्याय, निरअहंकारिता, क्षमाशीलता, सर्व कल्याण भाव, सेवाभाव, मधुर वाणी, लक्ष्यसँग एकाकार र मुमुक्षाजस्ता दिव्य नवव्रत पर्छन्। जसले प्रेम, करुणाले भरिएको आत्मनिर्भर व्यक्तित्व निर्माण गर्छ र व्यक्तिमा सुख, शान्ति र समृद्धि भर्छ।

जीवन विज्ञानले घर-घरमा सुख, शान्ति र समृद्धि डेलिभरी गर्ने सक्षमता राख्छ कि राख्दैन ? कति भरपर्दो छ ? भन्ने प्रश्न उठ्न सक्छ। यस सन्दर्भमा पहिलो विचारणीय पक्ष नियत हुन आउँछ। जीवन विज्ञानका विशेषज्ञ रमेश र भानु गुरुदेवले संस्थाको बढोत्तरी हुँदै जाँदा सुदूर भविष्यसम्म आफूहरूको निजी प्रयोजनका लागि संस्थाबाट तलबभत्ता नलिने र सार्वजनिक पदमा नबस्ने संकल्प गर्नु, साधनाबाट आफूले पाएको आनन्द अरूमा बाँड्ने सदासयता तथा राम्राले केही नगरे नराम्रो रहिरहन्छ भन्ने यथार्थ आत्मसात् गरी संस्था गठन गरेको रहस्य पंक्तिकार सम्मिलित कार्यक्रममा सार्वजनिक गर्नुभएको हुँदा नियत सफा देखिन्छ।

सबै धर्मको मर्म एउटै हो। बाइबल कुरानदेखि कार्लमार्क्ससम्म पनि अटाउन सक्नुपर्छ। समावेशिताको विशालता, मानिसमा रहेका गुणहरू खोज्नु र खोज्नका लागि दिव्य नवव्रत पालना गर्नु मानवीय धर्म हो। समाजमा धर्मको सही परिचय गराउँदै मूर्तिपूजाको पाखण्ड र छुवाछुत तथा महिला-पुरुषबीच धर्मको नाउँमा गरिएको विभेदको सशक्त विरोध र समानताको दृढ पक्षपाती, मानव कल्याणका निमित्त रचिएका वेद-पुराणहरू, भागवत गीताको मर्म र पूर्वीय सभ्यताको अनुकरणीय आदर्शमार्फत नेपाल र नेपालीलाई समृद्ध बनाउँदै सिंगो मानवजातिमा आनन्द बाँड्ने लक्ष्य आफैँमा महान् हो। सो लक्ष्य प्राप्त गर्ने क्षमता हरेक नेपालीमा भर्दै नवयुग निर्माण गर्ने प्रस्ट मार्गचित्र र कार्यान्वय गर्नमा सरिक हुने सबैलाई समान व्यवहार गर्ने नीति र तदनुरूपको पद्धति र व्यवहार भरोसायोग्य छ।

त्यसमाथि गुरुदेवहरूले शिष्यहरूलाई भगवान्तुल्य ठानी उनीहरूतिर शिर झुकाएर नमन गर्ने, हामी त तपाईंहरूभित्रै रहेको गुरु देखाइदिने सहयोगी मात्र हौँ, हामीलाई मान्नुपर्दैन, असली गुरु तपाईंहरूको अन्तस्करण हो, उसको निर्देशन पालना गर्नु भनी यथार्थवादिता र निःस्वार्थी भाव व्यवहारमा उतारेर भरोसाका आधारमा बल प्रदान गर्नुभएको छ। अन्त्यमा, जीवन विज्ञानका हरेक प्रशिक्षकले संस्थाको अपनत्व लिँदै भरपूर योगदान दिन सक्ने जीवन विज्ञानको प्रणाली बहुउपयोगी छ। यसले शासन गर्ने हाकिमीय मनोवृत्तिलाई सेवामुखी बन्नमा प्रेरित गर्नेछ नै। होम डेलिभरी दिने कन्टेनर वा ट्रकरुपी जीवन विज्ञान संस्थाको संरचना, इन्जिनरुपी जनशक्ति, डिजेलरुपी नीति तथा मार्गदर्शन र राजमार्गरुपी साधनाको उपयुक्त विधि र साधना पनि छ।

तर, कहिलेकाहीँ सबै हुँदाहुँदै पनि टाइट गर्नुपर्ने वा धार मरेर स्लिप खाने खाले नटबोल्टमा गाडीका सहचालकले ध्यान नपुऱ्याएको र मुख्य चालकले निगरानी नगरेका कारण बीच बाटोमा रोकिनुपर्ने परिस्थितितर्फ सर्वज्ञानी गुरुदेवहरू अवश्य पनि सचेत हुनुहुन्छ नै। सर्वकल्याण भाव र सेवाभावले ओतप्रोत भएर हरेक नेपालीको घरघरमा सुख, शान्ति र समृद्धिको होम डेलिभरी गर्दै आउनुभएका गुरुदेवहरूको महाअभियान नेपालभरि र विश्वसम्मै पुग्न सफल रहोस्, हार्दिक मंगलमय शुभकामना!


अध्यात्म




रामचन्द्र शर्मा

पाँच ज्ञानेन्द्रियलाई पनि नाडीहरूले मस्तिष्कसँग जोडेका हुन्छन्। ज्ञानेन्द्रियहरूले पहिला आफूले सूचना पाउँछन्, त्यसपछि मस्तिष्कमा पठाउँछन्। मस्तिष्कले सूचना पाएपछि मात्र मानिसले थाहा पाउँछ। त्यो थाहा पाउने क्षमता चेतना हो।


मन परेका पाँच पुस्तकबारे प्राध्यापक उदय अधिकारी



मिडनाइटस् चिल्ड्रेन : सलमान रुस्दी मलाई निकै मनपर्ने लेखक हुन्। उनी बुकर अफ द बुकर पनि हुन्। मिडनाइट चिल्ड्रेनमा १९४७ को भारत स्वतन्त्रतादेखि इन्दिरा गान्धीले संकटकाल लगाउँदासम्मको कथा मार्मिक रूपमा देखाइएको छ।



अमेरिकाना : चिमामान्दा अदिचीको यो उपन्यासले अमेरिका बसेर नाइजेरिया फर्किएको एक परिवारको कथा प्रस्तुत गर्छ। उनीहरूले अमेरिकामा खेपेको श्वेत सर्वोच्चतावादको मार र नाइजेरियाको उपनिवेशकालीन समयलाई गजबसँग चित्रण गरिएको छ।



थिंग्स फल अपार्ट : चिनुआ अबेचेको यो उपन्यासले नाइजेरिया कसरी उपनिवेश बन्यो भन्ने कथा प्रस्तुत गर्छ। नाइजेरियाको भाषा कसरी सिद्धियो, संस्कृति कसरी मासियो, कसरी यहाँ इसाईकरण मौलायो र यहाँका मानिसले कसरी संघर्ष गर्नुपऱ्यो भन्ने देखाइएको छ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



इतिहास र भूगोलको सुरक्षामा राजनीति र कूटनीति

विगत तीन दशकदेखि सत्ता राजनीतिमा एकाधिकार जमाइरहेका प्रमुख राजनीतिक दलहरू मात्र होइन, वैकल्पिक शक्ति बन्न खोजेकाहरू पनि चार वर्षपछि हुने आमचुनावमा अर्जुनदृष्टि लगाएर एक्लै चुनाव लड्ने दौडमा लागेका छन् । राजनीतिको यस्तो हस्याङफस्याङ हेर्दा नेपालका लागि वर्तमान र भविष्यबीचको चार वर्षले प्रयोजन नै गुमाए जस्तो अनुभूति हुन्छ । तर, शिथिल हुँदै गएको शासकीय संयन्त्र, नुर गिरेको प्रहरी, तर्साउन थालेको आर्थिक अवस्था तथा नेपाली भूमिमा सक्रिय भइसकेको भारत चीन र अमेरिकाको सामरिक द्वन्द्वले नेपाललाई चार वर्ष खेर फाल्ने अनुमति दिँदैन । आफ्नो गौरवशाली इतिहासको निरन्तरता जोगाउन र अन्तर्राष्ट्रिय राजनीतिमा ट्रम्प-कार्ड बन्न सक्ने भूराजनीतिक स्थापना भएको भूगोललाई प्रत्युत्पादक नबनाउन नेपालले आफ्नो राजनीति र कूटनीतिलाई अविलम्ब सुधार्नुपर्छ । यसका लागि नेपालले आफ्नै अनुभव सम्झनु र इतिहासको पाठ अनुसरण गर्नु यथेष्ट हुनेछ । यस क्रममा हेक्का राख्नुपर्ने कुरा के हो भने इतिहासभन्दा पहिले भूगोल जन्मिएको थियो । भूगोलले छिमेकीहरू बनाएपछि छिमेकीहरूसँगको सम्बन्धको उतारचढाव भोग्दै भविष्यका लागि मूल्यवान् पाठहरू टिप्दै सुरु भएको इतिहास निर्माणको अनन्त क्रम चलिरहेको छ, अनन्तकालसम्म चलिरहनुपर्छ ।

वर्तमान नेपाली पुस्ताले आफ्ना पूर्वजबाट नेपालको इतिहास र भूगोल नासोका रूपमा पाएको हो । यसलाई सके अझै बलियो बनाएर, नसके जस्ताको त्यस्तै अर्को पुस्तालाई हस्तान्तरण गर्नैपर्छ । सुरक्षित भूगोलले इतिहासको निरन्तरतालाई सुनिश्चित गर्छ । इतिहासका पाठहरूको संस्थागत संस्मरण बलियो भएको देशले मात्रै आफ्नो भूगोललाई सुरक्षित राख्न सक्छ । राष्ट्रको जीवनको यो शाश्वत पक्षमा वर्तमान पुस्ताले हेक्का राख्नु र यसलाई संस्कारको रूपमा भविष्यका पुस्तालाई हस्तान्तरण गर्नु नेपालको भूगोल र इतिहासको सुरक्षाका लागि अनिवार्य छ । यस क्रममा राष्ट्रिय राजनीतिको स्वामित्व रक्षालाई सधैं सर्वाधिक महत्त्व दिनुपर्छ ।

आन्तरिक राजनीतिमा विदेशी हस्तक्षेप हुन नदिन छिमेकीहरूको पक्ष वा विपक्षमा राजनीतिक दलहरू विभाजित हुनुहुँदैन । इतिहासको पहिलो पाठ के हो भने आफ्नो भौगोलिक अखण्डता र स्वाभिमानको सम्मानलाई अभेद्य राख्न सानो राष्ट्र सधैं सचेत र सक्रिय रहनुपर्छ । सामरिक भूस्थापन भएको सानो देशको भौगोलिक अखण्डता उल्लंघन गर्ने, राजनीतिक स्वामित्वमा हस्तक्षेप गर्ने अहमत्याइँ विदेशी शक्तिहरूमा सधैं रहन्छ ।

औपनिवेशिक मानसिकतामा हुर्किएको यो प्रवृत्तिले सानो देशलाई असुरक्षित अनुभूत गराएर आडको खोजी गर्न बाध्य पार्छ, अनि प्रतिस्पर्धी शक्तिलाई मौका छोप्ने अवसर दिन्छ र अन्तमा सानो देश द्विपक्षीय र क्षेत्रीय भिडन्तको रणभूमि बन्छ भन्ने पाठ पनि इतिहासले सिकाएको छ । सानो देशले आफ्नो भौगोलिक स्थापनाको सामरिक महत्त्वलाई दुरुपयोग गर्नु प्रत्युत्पादक हुन्छ । भौगोलिक अखण्डता र राष्ट्रिय राजनीतिको स्वामित्वलाई सुरक्षित राख्न आफैंले लक्ष्मणरेखा कोर्नुपर्छ । यसलाई उल्लंघन हुन नदिन सधैं सचेत रहनुपर्छ, उल्लंघन गर्ने प्रयास भयो भने तुरुन्तै खबरदारी गर्ने साहस देखाउनुपर्छ । यो अनुशासन पालनाले लक्ष्मणरेखालाई जीवन्त राख्छ, तर लाचारीले लक्ष्मणरेखा उल्लंघन दोहोरिन्छ भन्ने मूल्यवान् पाठ नेपालको इतिहासले पढाएको छ ।

आफ्नो भूगोल र इतिहासलाई अक्षुण्ण राख्न नेपालको राजनीति र कूटनीतिले यी दुई बहुमूल्य पाठहरू कहिल्यै पनि बिर्सनुहुन्न ।

यस परिप्रेक्ष्यमा नेपालको इतिहासले टिपेका दुईवटा अनुभव प्रासंगिक छन् । भारतलाई उपनिवेश बनाएपछि अघि बढेको तत्कालीन विश्वशक्ति ब्रिटिस र नेपालबीच युद्ध चलिरहेको नाजुक अवस्थामा नेपालमा दादुरा र बिफरको महामारी फैलिएको थियो । तर, ६० हजारभन्दा बढीको मृत्युले आफैं असजिलोमा परेको ब्रिटिस इन्डिया-सरकारबाट प्रधानमन्त्री भीमसेन थापाले कूटनीतिक कौशलबाट खोप औषधि ल्याएर नेपालीलाई बचाए । २०७६ सालमा नेपाल कोरोना महामारीको चपेटामा पऱ्यो । खोप आयातमा भ्रष्टाचार भयो, कालोबजार चम्कियो । विश्व स्वास्थ्य संगठनका अनुसार समयमा खोप नपाएर ११ हजार ९५२ जना नेपालीको मृत्यु भयो । व्यवस्थापनको कमजोरीले समयमा प्रयोग गर्न नसकेर ४० लाख खोप नष्ट गर्नुपऱ्यो ।

> इतिहासको निरन्तरतालाई सुनिश्चित गर्छ । इतिहासका पाठहरूको संस्थागत संस्मरण बलियो भएको देशले मात्रै आफ्नो भूगोललाई सुरक्षित राख्न सक्छ । राष्ट्रको जीवनको यो शाश्वत पक्षमा वर्तमान पुस्ताले हेक्का राख्नु र यसलाई संस्कारको रूपमा भविष्यका पुस्तालाई हस्तान्तरण गर्नु नेपालको भूगोल र इतिहासको सुरक्षाका लागि अनिवार्य छ ।



इतिहासको दोस्रो पाठ

सुगौली सन्धिले खुम्चिएपछि पनि प्राकृतिक सम्पदा पानीमा आफ्नो सार्वभौम अधिकारको सिद्धान्तलाई सक्रिय राख्न नेपालको राजनीति र कूटनीति निरन्तर सचेत रहेको दुईवटा ऐतिहासिक संस्मरण नेपालसँग छ । पहिलोले अहिले उजाड हुँदै गएको सिमानाको जल संरक्षण तथा मरुभूमीकरण भोग्न थालेको चुरेक्षेत्रको महत्त्व बुझ्नु र संरक्षणमा १९५ वर्षअघिको नेपाल कति सचेत र सक्रिय थियो भन्ने स्मरण गराउँछ । संवत् १८८५ मा जारी भएको 'आठ सवालहरू'मध्ये पहिलोले 'महाभारत, हरिहरपुर, मकवानपुर चौदण्डी गैह्र पहाडमा निस्कन्ना बाटा वाची नभै नहुन्या, मूल बाटा राखनु, उपर चोर बाटा जति छन् सोला भाजा हाली बन्द गराउने' व्यवस्था गरेको थियो । सातौं सवालमा नेपालको भौगोलिक अखण्डतालाई अक्षुण्ण राख्ने प्रबन्ध मिलाएको थियो । यसमा भनिएको थियो, 'अंग्रेज र नेपालबीच भयाको दरोबस्त, सिमानामा वर्षको दुई फेरा हेरचाह गर्दै रहनु । कोही जग्गामा मिनार, लट्ठासिमाना बिग्र्या भत्क्या देषियो भन्या दुवै तरफका आमिल जैवार जिमिदार, चौधरी, श्रेस्तादार राखी सच्याउनु ।' यसको पालन गरिएको भए भारतसँग सीमा विवाद हुने नै थिएन । इतिहासको अर्को पाठ संवत् १८९६ मा ब्रिटिस भारतका सीमावर्ती इलाकामा परेको सुक्खासँग जोडिएको थियो । ब्रिटिस इन्डिया सरकारबाट पानीको माग भएपछि संवत् १८९६ साउन ४ गते जारी भएको 'मुगलानमा पानीको बन्देजसम्बन्धी लालमोहर'मा भनिएको थियो, 'मुगलानमा पानीको बन्देज हटाएर पानी दिँदा दैवी सुषा पर्याका मौजे येति रह्याछन् भन्य जस्ताको तस्तो लेखी सही गराई चाँडै-चाँडै पठाउने काम गर ।'

करिब २०० वर्ष पुराना नेपालको इतिहासका यी दुई पाठहरू आफ्नो सार्वभौमसत्ता संरक्षणमा समर्पण रहने चेतना र आत्मबलको निचोड हुन् । यसलाई निरन्तरता दिएको भए चुरे क्षेत्रको निर्मम दोहनले चुरे क्षेत्रअन्तर्गत ३६ वटा जिल्लाका पचास लाखभन्दा बढी जनता अहिले मरुभूमीकरणको त्रासमा पर्दैन थिए ।

इतिहासको तेस्रो पाठ

ब्रिटिस इन्डियाको सन्ध्याकाल तथा स्वतन्त्र भारत र प्रजातान्त्रिक नेपालको प्रातःकालका तीनवटा अनुभवहरू इतिहासले टिपेर राखेको छ । दोस्रो विश्वयुद्धमा नेपालले सेना पठाएको मात्र होइन, बन्दुक, ठूलो परिमाणमा चिया, चिनी र काठसँगै आर्थिक सहायता पनि ब्रिटेनको युद्धकोषमा



पुस्तक-अंश

रमेशनाथ पाण्डे
पूर्वपरराष्ट्रमन्त्री

दिएको थियो । युद्धको सुरुमा नै ब्रिटिस इन्डिया जापानी हमलाको खतरामा पऱ्यो । आसाम र बर्मासँग जोडिएको रणनीतिक महत्त्वको मणिपुरको उत्तरपूर्वी क्षेत्र इम्फालको सिमानामा जापानी सेनाको उपस्थिति भइसकेको थियो । बंगाल र विशेषगरी ब्रिटिस इन्डियाको पुरानो राजधानी कलकत्तामा निरन्तर बमबारी हुन थालेपछि जापानी खतरा बढेको महसुस गरेर ब्रिटेनले अमेरिकासँग वायुसैनिक र नेपालसँग थप सेनाको आपत्कालीन सहायता माग्यो ।

अमेरिकी वायुसेनाले उत्तर प्रदेशको खेरिया हवाईसेना अखाडामा सामरिक केन्द्र स्थापित गऱ्यो । त्यहाँबाट बमवर्षक विमानहरूले बर्मास्थित जापानी सेनामाथि हवाई आक्रमण गर्न थाले । यसरी ब्रिटिस इन्डियाको हवाई सुरक्षामा अमेरिकी वायुसेना सक्रिय भएपछि जापानी आक्रमण र सम्भावित आन्तरिक विद्रोहबाट सुरक्षित हुन जमिनी सुरक्षाका लागि ब्रिटिस सरकारले लन्डनस्थित आवासीय राजदूत सिंह शमशेरमार्फत प्रधानमन्त्री जुद्ध शमशेरलाई थप सैनिक सहायताका लागि लिखित आग्रह गऱ्यो । प्रधानमन्त्री जुद्धशमशेरले आफ्ना छोरा तथा ब्रिटेनका लागि नेपालको पहिलो राजदूतको ऐतिहासिक दायित्व सम्हालिसकेका कमान्डिङ जनरल बहादुर शमशेरलाई नयाँदिल्लीको सुरक्षा गर्ने जिम्मेवारी दिए । थप आठ हजार सेना लिएर गएका जनरल बहादुर शमशेरले नयाँदिल्ली बाह्रखम्बामा नेपाली सेनाको मुकाम खडा गरे । यही ठाउँमा विगत ७७ वर्षदेखि नेपाली दूतावास रहेको छ । हवाई गस्तीको क्रममा अमेरिकी विमानहरूले सन् १९४२ अप्रिलमा नेपालको वायुसीमा उल्लंघन गर्दै उडान गर्न थाले । पूर्व मोरङदेखि पश्चिम बाँके बर्दियासम्मको नेपालको वायुसीमा उल्लंघन गरी नेपाली आकाशमा भइरहेको उडान नेपाललाई सराहनीय भएन । ब्रिटिस इन्डियाको सहयोगमा गएका नेपाली सेनाको कमान्डिङ जनरल बहादुरशमशेरले कडा विरोध गरे । नयाँदिल्लीस्थित अमेरिकी वायुसेनाको मुख्यालयका प्रमुख ब्रिगेडियर जनरल इलमेर ई आडलरलाई जनरल बहादुर शमशेरले आफ्नो मुकाममा बोलाएर विरोध गर्दा चर्काचर्कीसमेत परेको थियो ।

जनरल बहादुर शमशेर 'नेपालको वायुसीमाको उल्लंघन किन गरेको ? तुरुन्त बन्द गर । आइन्दा यस्तो नहोस् ।'

अमेरिकी वायुसेनाका ब्रिगेडियर जनरल आडलर- ' नेपालले ब्रिटेनलाई सहयोग गरिरहेकै छ । अमेरिकी विमानहरू पनि ब्रिटेनको सहयोगमा नेपाली आकाशमा उड्दा किन आपत्ति ?'

जनरल बहादुरशमशेर- 'हो, नेपालले ब्रिटेनलाई सहयोग गरिरहेको छ । तर, नेपाल ब्रिटिस इन्डियाको भाग होइन । ब्रिटेनले नेपालको भौगोलिक अखण्डताको सम्मान गरेको छ, नेपाली आकाशमा विनाअनुमति विमान उडाएको छैन । अमेरिकाले नेपालको अनुमति नलिइकन नेपाली आकाशमा विमान उडाउन पाउँदैन ।' नेपालको दृढ अडान, जनरल बहादुरशमशेरको रोबदार व्यक्तित्व र प्रस्तुति शैली तथा आफ्नो सदा स्वतन्त्र इतिहासप्रति नेपालको अहंभावबारे ब्रिटिस सरकारद्वारा सचेत गराइएपछि अमेरिकी वायुसेनाले दोहोऱ्याएर नेपालको वायुसीमाको उल्लंघन गरेन ।

०७९ साउन १५ गते तुइनको सहायतामा महाकाली नदी तर्न लागेका दार्चुलाका जयसिंह धामी नदीमा खसेर मरे । सहसचिव जनार्दन गौतम नेतृत्वमा नेपाल सरकारले गठन गरेको कार्यदलले भारतीय सशस्त्र सुरक्षाबलले तुइन काटेर धामीको मृत्यु भएको ठहर गऱ्यो । तर, प्रधानमन्त्री शेरबहादुर देउवाले अडान लिन सकेनन् । नेपालमा जनस्तरमा व्यापक विरोध हुन थालेपछि भारतीय परराष्ट्र मन्त्रालयका प्रवक्ताले 'सञ्चार माध्यमले घटनाबारे उल्लेख गरे पनि औपचारिक जानकारी भारत सरकारले पाएको छैन' भनेपछि नेपाल सरकारले धामी परिवारलाई आर्थिक सहायता दिएर सामसुम पार्न खोज्यो । यसैबीच भारतीय सैनिक हेलिकोप्टरले दार्चुलामा अवैध उडान गर्न थाले । जनस्तरमा प्रतिक्रिया तात्न थाल्यो । नेपालले २०७९ कात्तिकमा 'अन्तर्राष्ट्रिय कानुन उल्लंघन गर्दै भारतीय सीमा बलले नेपाली भूमिमा प्रवेश तथा आकाशमा ड्रोन उडान'बारे भारत सरकारको ध्यान आकर्षित गराउँदै पठाएको कूटनीतिक नोटलाई भारतले वास्ता गरेन ।

इतिहासको चौथो पाठ

मध्य एसियाबाट आएका बाबरद्वारा स्थापित मुस्लिम शासन ३३१ वर्ष र करिब २०० वर्ष ब्रिटिस उपनिवेश भोगेको भारत १९४७ मा स्वतन्त्र हुँदा प्रतीकात्मक नाम मात्र थियो, भौगोलिक पारिभाषिक शब्द मात्रै थियो, संयुक्त देश थिएन । ५६२ वटा साना-ठूला राज्यहरू भएको ब्रिटिस इन्डियामा शासकीय हैसियतमा दुई किसिमका राज्यहरू थिए- ब्रिटिस गभर्नर जनरलद्वारा शासित र आन्तरिक शासन गर्ने हक पाएका राजा वा नबाबद्वारा शासित राज्यहरू । यसबाहेक फ्रान्स र पोर्चुगलद्वारा उपनिवेश बनाइएका भारतीय राज्यहरू पनि थिए । यिनीहरू स्वतन्त्रतापछि पनि धेरै वर्ष भारतअन्तर्गत आएनन् । सार्वभौमिकता हस्तान्तरण गर्नुअघि ब्रिटेनले राजा वा नबाब शासित राज्यलाई भारत र पाकिस्तानमध्ये एउटा रोज्ने अधिकार दिएको थियो । यो अधिकार पाएपछि ब्रिटिस-इन्डियाअन्तर्गत स्वशासनको अधिकार उपयोग गरिरहेका हैदरावाद, जोधपुर, भूपाल, जुनागढ र त्रभानकोर राज्यहरूले भारतमा सामेल हुन अस्वीकार गरे । हैदरावादका शासक ओसमान अली खाँले स्वतन्त्रताको घोषणा र जुनागढ पाकिस्तानमा विलीन भएपछि एकीकृत भारत निर्माण प्रक्रियामा ठूलो धक्का लाग्यो । संघीय गणतन्त्र गठनको प्रक्रिया सुरु हुँदा नै भारत विखण्डन हुने स्थिति बन्यो । आफ्नै सेना, रेलसेवा, हुलाक सेवा, र रेडियो प्रसारणसमेत भएको हैदराबादका शासकले स्वतन्त्र देशको हैसियत हासिल गर्न संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्लाई समेत गुहारे । वर्तमान राज्यहरू तेलंगना, कर्नाटका र महाराष्ट्रको ठूलो भागसमेत मिलेर बनेको तत्कालीन हैदराबादले गोवालाई उपनिवेश बनाइरहेको पोर्चुगल सरकारको समर्थन पनि पाएपछि भारतको लागि चुनौती निकै बढ्यो । यो चुनौती कति बलियो थियो भन्ने कुरा भारत गणराज्य स्थापनाको १३ महिनापछि १९४८ सेप्टेम्बरमा हैदराबादलाई भारतमा गाभ्ने कारबाहीमा 'कम्तीमा पनि २७ हजारदेखि ४० हजार मानिसहरू मारिएको'ले नै पुष्टि गर्छ । यसैगरी वर्तमान भारतीय राज्यहरू केरला र तमिलनाडुका अधिकांश क्षेत्रहरू मिलेर बनेको त्रभनकोरमा करिब दुई सय वर्षदेखि राजाको शासन थियो । सन् १९०३ मा नै वार्षिक राजस्व एक करोडभन्दा बढी भएको त्रभानकोर राज्यले गाभिन अस्वीकार गर्नु भारतको भौगोलिक स्वरूप निर्माणमा गम्भीर अवरोध थियो । ब्रिटेनबाट स्वतन्त्रता पाउँदा ५६२ वटा राज्यहरूमा छरिएको 'भारत'को अवधारणा 'संघीय भारत'मा साकार नभएको भए कमसेकम एक दर्जन स्वतन्त्र देशहरूको उपस्थितिले दक्षिण एसियाको राजनीतिक बनोट नै पृथक् हुन्थ्यो ।

स्वतन्त्रता पाउनेबित्तिकै ब्रिटिस सेनालाई भारतीय सेनाले प्रतिस्थापन गरेको भए पनि एकीकरणको बाटो रोक्न अघि सरेका शक्तिशाली राज्यहरूको अवज्ञालाई नियन्त्रण गर्ने क्षमता भारतीय सेनासँग थिएन । सेनाको क्षमतामा प्रधानमन्त्री नेहरू र एकीकरणको अभिभारा सम्हालेका उपप्रधानमन्त्री तथा गृहमन्त्री सरदार बल्लभभाइ पटेललाई विश्वास नभएकाले प्रधानमन्त्री नेहरूले नेपालसँग २९ जुन १९४८ मा सैनिक सहायता मागे । चिठीमा नेहरूले लेखेका थिए- 'पूर्वी पन्जाब, हैदराबाद र कास्मिरको अवस्थाबाट चुनौती बनेको सुरक्षा स्थितिको सतर्कतापूर्वक मूल्यांकन गर्दा भारतका राज्यमा आन्तरिक सुरक्षा कायम राख्न दश बटालियन नेपाली सेनाको सहयोग पाउन आग्रह गर्छु ।' परिस्थिति कति खतरानक थियो भने आत्तिएका प्रधानमन्त्री नेहरूले चार बुँदाको यो चिठीको अन्तिम बुँदामा 'परिस्थितिको गम्भीरताले छिटो जवाफ पाए अनुग्रहित हुनेछु । हाम्रो आग्रह स्वीकार गरी सैनिक सहयोग दिन नेपाल सरकार तयार भएमा विस्तृत सर्तहरू छिटो तय गरिनेछ' लेखेका थिए । प्रधानमन्त्री मोहनशमशेरले आफ्नो जेठो छोरा जनरल शारदा शमशेरलाई 'कन्टिन्जेन्ट चिफ' बनाएर आठ हजार नेपाली सेना भारत गठन प्रक्रिया पूरा गर्न पठाए । दुईवटा विश्वयुद्धहरूको अनुभव एवं अनुशासित नेपाली सेनाले जन्मिनेबित्तिकै आएको विपत्तिबाट भारतलाई जोगायो । भारतको एकीकरण प्रक्रिया सम्पन्न भयो । तर, नेपाली सेनाले फर्किने तयारी सुरु गर्दा प्रधानमन्त्री नेहरू नेपाली सेनाको सुरक्षा कवच छोड्न तयार भएनन् । प्रधानमन्त्री नेहरूले १४ डिसेम्बर १९४८ मा पठाएको दोस्रो पत्रमा लेखिएको थियो- 'नेपाल सरकारले दश बटालियन नेपाली सेना पठाएर दिएको सहयोगका लागि भारत सरकार अत्यधिक रूपमा आभार छ । नेपाल सरकारको यो सैनिक सहयोगले नै भारत सरकारलाई शान्ति व्यवस्था कायम राख्न सम्भव भयो ।'

१९४९ जनवरीको मध्यसम्म नेपाली सेना भारतमा नै रहून् भन्ने आग्रह गर्दै प्रधानमन्त्री नेहरूले आफ्नो पत्रको अन्तमा लेखेका थिए- 'ठीक समयमा प्राप्त सैनिक सहयोगका लागि मेरो व्यक्तिगत र भारत सरकारको कृतज्ञता व्यक्त गर्दै यसबाट दुई देशबीच रहेको अति घनिष्ट मित्रता पुष्टि भएको उल्लेख गर्न चाहन्छु ।' प्रत्येक वर्ष सेप्टेम्बर १७ मा हैदराबाद मुक्ति दिवस मनाउने भारत सरकारको हालैको निर्णयले भारतको इतिहासमा यसको महत्त्व सम्झाएको छ । यो समारोहमा नेपालको सहयोगलाई कसरी स्मरण गरिन्छ भनेर इतिहासका पाठकहरू उत्सुकताका साथ प्रतीक्षा गरिरहेका छन् ।

*(लेखकको प्रकाशोन्मुख पुस्तक **'कूटनीति र राजनीति'** भाग २ बाट)*

प्रकृति



जयती घोष

कसरी हुन्छ **वैश्विक भोकमरी**को सम्बोधन ?

खाद्य असुरक्षा रोक्न सामाजिक सुरक्षा, सार्वजनिक लगानीमा ध्यान र निजी क्षेत्रलाई दिगो साना किसान कृषिमा लगानी गर्न प्रोत्साहन गर्नुपर्छ

मानिसले भोगिरहेका अनेक संकटमध्ये खाद्य संकट (भोकमरी) पनि एक हो । तर, बढ्दो भोकमरी संकट टाल्न सकिनेबारे निकै कम उल्लेख भएको पाइन्छ । यस्तोमा संयुक्त राष्ट्र संघको खाद्य एवं कृषि संगठन (एफएओ)ले नयाँ रिपोर्ट जारी गरेको छ । 'स्टेट अफ फुड सेक्युरिटी एन्ड न्युट्रिसन इन द वर्ल्ड-०२३' का अनुसार वैश्विक जनसंख्याको ४२ प्रतिशत अर्थात् तीन अर्बभन्दा बढी मानिस स्वस्थ आहार लिन अक्षम छन् । साथै, वैश्विक भोकमरी अझै पनि कोभिडअघिको भन्दा पनि उच्चस्तरमा छ ।

सन् २०१९ को तुलनामा सन् ०२२ मा करिब एक करोड २२ लाखभन्दा बढी मानिसले खाद्य असुरक्षाको सामना गर्नुपरेको छ । चर्को मूल्यका कारण पूरै अफ्रिका, पश्चिम एसिया र क्यारेबियन क्षेत्रमा खाद्य असुरक्षा बढेको छ ।

राष्ट्रियस्तरमा हेर्दा यो एक चिन्ताजनक अवस्था हो । जुन देशमा खाद्य असुरक्षा बढेको छ, ती देश कर्जाको पासोमा अल्झिएका मात्रै छैनन्, जलवायु परिवर्तनको गम्भीर प्रभावको पनि सामना गरिरहेका छन् । त्यसो त भोकले खाद्य आपूर्ति, क्रयशक्ति र मूल्यबीचको अन्तर्सम्बन्धलाई प्रतिबिम्बित गर्छ । खासमा, आपूर्ति घरेलु उत्पादनमा निर्भर हुन्छ, जुन चरम मौसम र संघर्षबाट प्रभावित हुन सक्छ । त्यसैगरी, देशको खाद्यसामग्री आयात गर्ने क्षमतालाई उच्च यातायात खर्च र विदेशी मुद्राको अवरोधले समेत प्रभावित पार्न सक्छ ।

अब कृषि व्यवसायमा शक्ति केन्द्रित हुने र खाद्यान्नको विश्वव्यापी मूल्य प्रभावित पार्ने क्षेत्रका बारेको जागरुकता बढ्न थालेको छ । साथसाथै, उपभोग्य सामाग्रीको बजारमा सट्टेबाज गतिविधिले पनि खाद्यको मूल्यलाई प्रभावित पार्न सक्छ । यस्ता गतिविधि स्वाभाविक रूपमा दीर्घकालीन हुँदैनन् । वैश्विक खाद्य मूल्य (विशेष गरी गहुँ)मा भएको उच्च मूल्यवृद्धि युक्रेन युद्धका वेला सन् २०२१ को अन्त्यदेखि सुरु भयो । २०२२ को मे महिनासम्म चरम अवस्था पुग्यो र त्यसपछि क्रमशः गिरावट आयो । उदाहरणका लागि यो वर्ष अगस्टको गहुँको मूल्य गत वर्षको भन्दा निकै कम थियो ।

यसरी हेर्दा खाद्य आयात गर्ने देशहरूको जीवन सरल बन्नुपर्ने हो । तर, वैश्विक मूल्यमा गिरावट आएपछि पनि कैयौं देशमा घरेलु खाद्यसामग्रीको मूल्य उच्च छ । र, यो बढ्दो क्रममा छ । यो कुनै नयाँ विषयचाहिँ होइन । सन् २००७/०८ मा वैश्विक खाद्य संकटका वेला यस्तै भएको थियो । खाद्यसामग्रीको मूल्यमा चर्को गिरावट आउँदा पनि थुप्रै निम्न तथा मध्यम आय भएका देशमा मूल्य बढेको थियो ।

अधिकांश समस्याको अनुमान खाद्यान्न आयात गर्ने क्षमताबाट लगाइन्छ । सन् २०२२ भन्दा अगाडि विभिन्न अवरोध थिए । जसले गर्दा खाद्यान्न आयात गर्ने देशलाई विशेष गरी प्रभावित गऱ्यो । सार्वभौम कर्जा, उन्नत अर्थतन्त्रमा सख्त मौद्रिक नीति र उच्च ब्याजदरमा परिवर्तनजस्ता कारणले विकासोन्मुख अर्थतन्त्र (देश)बाट पुँजी पलायन हुन पुग्यो । साथै, ऊर्जाको उच्च मूल्यका



> सन् २०१९ को तुलनामा सन् ०२२ मा करिब एक करोड २२ लाखभन्दा बढी मानिसले खाद्य असुरक्षाको सामना गर्नुपरेको छ । चर्को मूल्यका कारण पूरै अफ्रिका, पश्चिम एसिया र क्यारेबियन क्षेत्रमा खाद्य असुरक्षा बढेको छ ।

कारण आयातमा दबाब परेको छ । अस्थिर वैदेशिक कर्जाको बोझ र पुनर्भुक्तानी गर्नुपर्ने बाध्यताले आवश्यक आयात जारी राखिरहन मुस्किल भयो । समग्रमा भन्नुपर्दा यी विभिन्न कारकले मुद्राको अवमूल्यन भयो । जसका कारण आयातीत खाद्यान्नको घरेलु मूल्य अत्यधिक बढेको छ ।

एफएओले सेप्टेम्बर ०२३ को मध्यसम्म खाद्य मूल्य वैश्विक रुझानबाट माथि उठेको निष्कर्ष निकालेको छ । जसमा अर्जेन्टिना, इक्वेडर, घाना, मलावी, म्यानमार, पाकिस्तान, दक्षिण सुडान, जाम्बिया र जिम्बाबे छन् । यी सबै देशसँग सार्वभौम कर्जा समस्या र विदेशी मुद्रा सञ्चितिको कमी छ । डलरमा आधारित अर्थतन्त्र रहेको इक्वेडरबाहेक अन्य देशले सन् ०२२ को सुरुवातदेखि ठूलो परिमाणमा मुद्रा अवमूल्यनको सामना गरेका छन् । अर्थतन्त्रको अव्यवस्थापन आंशिक रूपमा दोषी छ । यसबाहेक विश्वका प्रमुख अर्थतन्त्रमा व्यापक आर्थिक नीतिको परिणामस्वरूप अन्तरदेशीय पुँजी प्रवाहमा उतारचढावको ठूलो प्रभाव पर्ने देखिन्छ ।

अब यसको अर्थ हुन्छ, वैश्विक उपभोग्य बजारमा आर्थिक गतिविधि नियन्त्रण गर्ने कोसिस गर्नु । यो आवश्यक पनि छ । तर, भोकमरीबाट उम्किन पर्याप्तचाहिँ छैन । नीति-निर्माताले खाद्य मूल्य स्थिरीकरण गर्ने अन्य साधनमा पुनर्विचार गर्नुपर्ने देखिन्छ । उदाहरणका लागि राष्ट्रिय कृषि नीति र अन्तर्राष्ट्रिय व्यापार व्यवस्थालाई लिन सकिन्छ । यसले मुख्य खाद्य पदार्थमा घरेलु या क्षेत्रीय आत्मनिर्भरता सुनिश्चित गर्छ ।

घरेलु तथा क्षेत्रीय आपूर्ति दिगो बनाइराख्न अन्नको 'बफर स्टक' निर्माण गर्नुपर्ने देखिन्छ । साथै, यसमाथि गम्भीर विचारसमेत गरिनुपर्छ । अमेरिकाले इन्धनको मूल्य व्यवस्थापन गर्न रणनीतिक तेल भण्डार प्रयोग गर्छ । तर, अधिकांश देशका लागि भोजन भने महत्त्वपूर्ण छैन । आपत्कालीन भण्डारबाहेक खाद्य असुरक्षा रोक्न सामाजिक सुरक्षाको पनि खाँचो पर्छ । अर्थात्, नीति-निर्माताले सार्वजनिक लगानीमा बढी ध्यान दिनुपर्छ भने निजी क्षेत्रलाई दिगो साना किसान कृषिमा लगानी गर्न प्रोत्साहन गर्नुपर्छ ।

भौतिक र वित्तीय बजारमा प्रत्यक्ष सरकारी हस्तक्षेपको सम्भावनासहित सार्वजनिक रूपमा प्रशासित भर्चुअल रिजर्भ मेकानिजम स्थापना गर्नाले देशहरूलाई विश्वव्यापी मूल्य उतारचढावको सामना गर्न सहयोग पुऱ्याउँछ । यसमा आंशिक रूपमा विकेन्द्रीकृत भौतिक भण्डारण पनि रहनेछ भने मूल्यवृद्धि या गिरावटविरुद्ध कमोडिटी बजारमा हस्तक्षेप गर्नका लागि वित्तीय कोष पनि हुनेछ ।

वैश्विक भोकमरीविरुद्धको लडाइँमा नीति-निर्माताले यसको मूल जड पत्ता लगाई त्यसको समाधान गर्नुपर्ने आवश्यकता देखिन्छ । अस्थिर वस्तु बजारमा आर्थिक गतिविधि नियमन गर्नु संस्थागत परिवर्तनमध्ये एक हो । मूल्यको उतारचढाव सामना गर्नका लागि आवश्यक खाद्यवस्तुको भण्डारण बनाइराख्न सहयोग गर्नुपर्ने आवश्यकता पनि हुनेछ ।

प्रोजेक्ट सिन्डिकेटबाट लिइएको
यो आलेख मीनराज बसन्तले अनुवाद गरेका हुन् ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १० चैत ०८०

मोबाइलमा ६०% सम्म रिचार्ज अनलाइनबाट

डिजिटल भुक्तानीको सुविधा बढ्दै गएपछि रिचार्ज पनि मोबाइलबाटै, रिचार्ज कार्डको छपाइ तथा आयात पनि घट्दै

मिलन विश्वकर्मा र भोजराज भण्डारी/नयाँ पत्रिका

मोबाइल बैंकिङ, कनेक्ट आइपिएस, वालेटजस्ता विद्युतीय भुक्तानीका उपकरणबाट मोबाइलमा रिचार्ज (ब्यालेन्स हाल्ने) गर्ने प्रवृत्ति बढ्दै गएको देखिएको छ। अहिले ६० प्रतिशतसम्म रिचार्ज अनलाइनबाटै हुने गरेको छ।

अधिकांश डिजिटल भुक्तानीका उपकरणबाट मोबाइलमा सीधै रिचार्ज (ब्यालेन्स टपअप) गर्न मिल्छ। सोही माध्यमबाट मोबाइलमा रिचार्ज गर्ने प्रवृत्ति बढ्दै गएपछि प्रिन्ट रिचार्ज कार्डको प्रयोग भने घट्दै गएको छ।

सन् २०२४ सम्म आउँदा नेपाल टेलिकमको (नमस्ते) सिमकार्डमा ६० प्रतिशतसम्म रिचार्ज अनलाइनबाटै हुने गरेको छ। एनसेलमा भने ३८ प्रतिशतसम्म रिचार्ज अनलाइनबाट हुने गरेको छ। नेपाली बजारमा अधिकांश हिस्सा ओगटेका नेपाल टेलिकम र एनसेलबाट नयाँ पत्रिकालाई प्राप्त पछिल्लो केही वर्षको तथ्यांकले यस्तो देखाएको हो। उक्त दुई तथ्यांकअनुसार ०२४ मा डिजिटल रिचार्जको हिस्सा औसत ४९ प्रतिशत देखिन्छ। रकमका आधारमा यो तथ्यांक

■ रिचार्ज कार्डको आयात


वर्ष	इकाइ	परिमाण	आयात खर्च (हजारमा)
०७५/७६	संख्या	३८४३३००००	९१३७१.७८
०७६/७७	संख्या	४५१२६२२००	१०११४१
०७७/७८	किलो	७९५०६	३३४५१
०७८/७९	किलो	६९६१३	३४५७५

देखिएको हो। पछिल्लो समय डिजिटल माध्यमबाट मोबाइल ब्यालेन्स टपअप गर्ने प्रवृत्ति बढ्दै गएको तथ्यांकले पुष्टि गरेको छ।

नेपाल दूरसञ्चार प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले पनि पछिल्लो समय अनलाइन रिचार्ज गर्ने प्रवृत्ति बढ्दै गएको हुन सक्ने बताए। 'अनलाइन र प्रिन्ट रिचार्ज कार्ड प्रयोगको प्रवृत्ति कस्तो छ भन्नेबारे हामीलाई कम्पनीबाट जानकारी आउने गरेको छैन। यो कम्पनीको आन्तरिक पक्ष भयो,' उनले भने, 'पछिल्लो समय डिजिटल भुक्तानीका उपकरणको प्रयोग बढ्दै गएको देखिन्छ। त्यो अवस्थामा अनलाइनबाट मोबाइलमा रिचार्ज गर्ने प्रवृत्ति पनि बढेको भने हुन सक्छ।'

■ कोभिडले बढायो अनलाइन रिचार्ज

विशेष गरी कोभिड-१९ महामारीपछि डिजिटल रिचार्ज गर्ने प्रवृत्ति झन् बढ्दै गएको सरोकारवाला बताउँछन्। त्यसअघि पनि अनलाइनबाटै रिचार्ज गर्न मिल्ने सुविधा आइसकेको थियो। अनलाइनबाट मोबाइलमा रिचार्ज गर्ने ग्राहक पनि थिए। तर, त्यसवेला डिजिटल भुक्तानीका उपकरणहरू (मोबाइल बैंकिङ, वालेट)को प्रयोग व्यापक थिएन। कोभिड संक्रमणको डरले नगदमा आधारित कारोबार न्यून



नमस्तेमा ६० र एनसेलमा ३८ प्रतिशत रिजार्च अनलाइनबाट

सरकारी स्वामित्वको नेपाल टेलिकमका नम्बरहरूमा ६० प्रतिशत रिजार्ज अनलाइनबाटै हुने गरेको छ। चालू वर्ष सन् २०२४ मा ६० प्रतिशत रिचार्ज अनलाइनबाट भइरहेको कम्पनीका प्रवक्ता हरि ढकालले बताए। यसअघि सन् ०२२ मा ४० प्रतिशत र सन् ०२३ मा ५० प्रतिशत रिचार्ज डिजिटल माध्यमबाट भएको उनले बताए। विदेशी लगानीमा निजी क्षेत्रबाट स्थापित टेलिकम कम्पनी 'एनसेल'मा भने चालू वर्ष २०२४ मा ३८ प्रतिशत रिचार्ज अनलाइनबाट भइरहेको छ। कम्पनीबाट प्राप्त विवरणअनुसार सन् ०२१ मा डिजिटल रिचार्जको हिस्सा २४ प्रतिशत हाराहारीमा थियो। त्यसपछि हरेक वर्ष क्रमशः यसको हिस्सा बढ्दै गएको कम्पनीको तथ्यांकमा उल्लेख छ। तथ्यांकअनुसार सन् ०२२ मा २८ प्रतिशत, सन् ०२३ मा ३६ प्रतिशत रिचार्ज अनलाइनबाट भएको देखिएको छ।

■ नमस्ते र एनसेलमा अनलाइन रिचार्जको हिस्सा

सन्	नमस्ते	एनसेल
२०२१	-	२४ %
२०२२	४०%	२८ %
२०२३	५० %	३६ %
२०२४	६० %	३८ %

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

भयो। त्यसपछि नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था, वालेट कम्पनीलगायतले डिजिटल भुक्तानीको प्रवर्द्धन गरे। फलस्वरूप त्यसको प्रयोग पनि बढ्दै गयो।

नेपाल टेलिकमका प्रवक्ता हरि ढकालले कोभिडपछि डिजिटल रिचार्ज गर्ने प्रवृत्ति उच्चदरमा बढेको बताए। उनले भने, 'कोभिड-१९ पछि प्रिन्ट रिचार्ज कार्डभन्दा डिजिटल माध्यमबाट रिचार्ज हुने क्रम करिब २० प्रतिशतभन्दा बढीले बढ्यो, यो ग्राफ झनै बढ्दो छ।'

■ सहरी क्षेत्र र युवा पुस्तामा बढी

विशेष गरी सहरी क्षेत्रमा अनलाइनबाट रिचार्ज गर्ने प्रवृत्ति बढिरहेको कम्पनीहरू बताउँछन्। काठमाडौं, पोखरा, विराटनगरलगायत सहरमा अनलाइनबाट रिचार्ज गर्ने प्रवृत्ति बढ्दो छ। त्यसमा पनि युवा पुस्ता तथा व्यावसायिक व्यक्तिमा यसको प्रयोग बढेको छ।

प्रौढ पुस्तामा भने अनलाइन रिचार्जको प्रयोग न्यून भएको बताइन्छ। वित्तीय तथा सूचना प्रविधिसम्बन्धी ज्ञान कमी हुँदा त्यस्ता पुस्ताले कार्डबाटै रिचार्ज गर्ने गरेको टेलिकमका प्रवक्ता ढकाल बताउँछन्।

यद्यपि, यसबारे ठोस आँकडा नभएको उनले बताए। यसैगरी, प्रौढ उमेरका व्यक्तिमा डिजिटल भुक्तानीका उपकरणसम्बन्धी जागरण आइसकेको छैन। त्यसले गर्दा पनि त्यस्ता समूहका व्यक्तिले रिचार्ज कार्डमार्फत नै मोबाइलमा पैसा हाल्ने गरेको जानकार बताउँछन्।

■ ग्रामीण क्षेत्रमा पनि बढ्दो छ अनलाइन रिचार्ज

टेलिकमका प्रवक्ता ढकालले कर्णालीजस्ता दुर्गम जिल्ला तथा ग्रामीण क्षेत्रमा पनि अनलाइनबाट रिचार्ज गर्ने प्रवृत्ति बढेको बताए। ग्रामीण क्षेत्रमा रिचार्ज कार्ड ढुवानी गरेर पठाउँदा समय लाग्छ, त्यसले गर्दा पनि ग्रामीण क्षेत्रमा डिजिटल रिचार्ज गर्न दबाब नै भएको भनाइ छ।

'वित्तीय तथा सूचना प्रविधिको ज्ञान विस्तार भइनसक्दा ग्रामीण क्षेत्रमा अनलाइनबाट रिचार्ज गर्ने प्रवृत्ति कम नै छ,' उनले भने, 'तैपनि, कर्णालीजस्ता दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत पछिल्लो समय डिजिटल रिचार्ज बढ्न थालेको अनुभूति गरेका छौं।'

■ घट्यो रिचार्ज कार्डको आन्तरिक छपाइ र आयात

अनलाइनबाटै मोबाइलमा ब्यालेन्स टपअप गर्न मिल्ने भएपछि रिचार्ज कार्डको आन्तरिक छपाइ र आयात घट्न थालेको छ। कम्पनीहरूले अधिकांश रिचार्ज कार्ड नेपालमै छाप्छन्। भारतलगायत देशमा छापेर पनि आयात गर्ने गर्छन्। अनलाइन रिचार्जको प्रवृत्ति बढ्दै गएसँगै रिचार्ज कार्डको छपाइ र आयात घट्न थालेको व्यवसायी बताउँछन्।

स्प्रिन्ट प्रिन्टिङ एन्ड प्याकेजिङ प्रालिका महाप्रबन्धक शिशिर नाहटाले रिचार्ज कार्डको छपाइ घट्दै गएको बताए। एनसेलको रिचार्ज कार्ड छपाइ घटिसकेको उनको भनाइ छ। टेलिकमका प्रवक्ता ढकालले पनि रिचार्ज कार्ड छपाइ घटाउँदै लगेको बताए। पछिल्लो समय मागका आधारमा मात्रै कार्ड छाप्ने गरेको उनको भनाइ छ।

डिजिटल रिचार्जको हिस्सा बढ्दै गएपछि विदेशमा छपाइ गरेर आयात गरिने रिचार्ज कार्ड पनि घटेको छ। चालू आवको आठ महिनामा रिचार्ज कार्डको आयात परिमाणमा ७३ र खर्च ७० प्रतिशतले घटेको छ। भन्सार विभागको तथ्यांकअनुसार गत आवको आठ महिनामा ९० हजार नौ सय १७ केजीबराबरको रिचार्ज कार्ड चार करोड ६६ लाख ८७ हजार खर्च गरेर आयात गरिएको थियो। चालू आवको आठ महिनामा २४ हजार पाँच सय ४३ केजी रिचार्ज कार्ड एक करोड ४१ लाख ६४ हजार खर्च गरेर ल्याइएको छ। यो रिचार्ज कार्ड छपाइ गर्दा भएको खर्च मात्रै हो।

बजेट र नीति तथा कार्यक्रममा एनआरएनको सुझाव



काठमाडौं/ गैरआवासीय नेपाली संघ, नेपाल (एनआरएनए)ले आव ०८१/८२ को वार्षिक बजेट नीति तथा कार्यक्रममा समावेश गर्न आफ्नो सुझाव पेस गरेको छ। प्रधानमन्त्री कार्यालयमा आयोजित कार्यक्रममा संघका अध्यक्ष डा. बद्री केसीले समृद्ध नेपालको अभियानमा विदेशमा रहेका नेपालीलाई सहभागी गराउने गरी बजेट एवं नीति तथा कार्यक्रम ल्याउन आग्रह गरे।

संघले गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयन, मताधिकार, लगानी प्रवर्द्धनलगायत विषय समेटन सुझाव दिएको छ। गैरआवासीय नेपाली नागरिकता लिएका व्यक्तिलाई यसै आवबाट राष्ट्रिय परिचयपत्रको व्यवस्था, मतदानको अधिकार, अध्यागमनमा सहज व्यवस्था गर्न संघको सुझाव छ। नेपालमा रोजगारी सिर्जना, उद्यमशीलता तथा पूर्वाधार विकासमाँगै समृद्ध नेपाल निर्माणका लागि गैरआवासीय नेपालीको लगानी, ज्ञान, सीप र प्रविधि प्रोत्साहन गर्न आवश्यक कानुनी तथा नीतिगत बाधा-अड्चन हटाउन पनि सुझाव दिइएको छ।

गैरआवासीय नेपाली ऐनमा रहेको लगानीसम्बन्धी व्यवस्थालाई विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा समायोजन गराई सहजीकरण गर्न भनिएको छ। धितोपत्र ऐन तथा नियमावलीमा संशोधन गरी गैरआवासीय नेपालीको लगानीलाई समेत नेपालको धितोपत्र विनिमय बजारमा प्रवेश गराउन र नेपालीसरह लगानी गर्ने वातावरण बनाउन पनि आग्रह गरिएको छ।

वैदेशिक रोजगारीबाट आउने विप्रेषणलाई वैधानिक रूपमा बैंकिङ च्यानलमार्फत ल्याउन प्रोत्साहन गर्न, विप्रेषण पठाउने नेपालीलाई उनीहरूले पठाएको विप्रेषणमा २ प्रतिशतका दरले थप अनुदान उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने संघले सुझाएको छ।

लुम्बिनीबाट समृद्धिका लागि विश्वशान्तिको आह्वान

उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थितिमा १९ देशका गैरआवासीय राजदूत र ४५ देशका महावाणिज्य दूतहरूबाट विश्वभर शान्ति र समृद्धि स्थापनाका लागि बुद्धको शान्ति र अहिंसाको शिक्षालाई कूटनीतिक शक्तिका रूपमा ग्रहण गर्नुपर्ने सन्देश प्रवाह

लुम्बिनीमा **दिपेश पछाई**

शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट समृद्धिका लागि विश्वशान्तिको आह्वान गरिएको छ। परराष्ट्र मन्त्रालय र अवैतनिक वाणिज्य दूतहरूको संस्था अनरी कन्सुलर कर्प्स नेपाल (एचसिसिएन)ले संयुक्त रूपमा आयोजना गरेको 'लुम्बिनी कन्क्लेभ'मा सहभागीले विश्वभर शान्ति र समृद्धि स्थापनाका लागि गौतम बुद्धको शान्ति र अहिंसाको मार्गलाई कूटनीतिक शक्तिका रूपमा ग्रहण गर्नुपर्ने सन्देश दिएका हुन्।

लुम्बिनीमा दुई दिनसम्म चलेको सम्मेलनको अन्तिम दिन शुक्रबार उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थितिमा विश्वका १९ देशका नेपालका लागि गैरआवासीय राजदूत र ४५ देशका लागि नेपालका महावाणिज्य दूतहरूले शान्तिविना समृद्धि सम्भव नहुने भन्दै सबै देशलाई शान्तिका लागि आग्रह गरे। विभिन्न देशबाट नेपाल आएका राजदूतहरूले लुम्बिनीपरिसरमा विश्वशान्तिका लागि प्रार्थनासमेत गरे।





कार्यक्रममा परराष्ट्रमन्त्री श्रेष्ठले विश्वशान्तिका लागि बुद्धभूमि लुम्बिनीबाट पहल गर्न सकिने बताए। उनले बुद्धको शिक्षा वैज्ञानिक र व्यावहारिक रहेको बताउँदै लुम्बिनी सम्मेलनबाट विश्वमा शान्ति, करुणा र अहिंसाको सन्देश दिन सफल भएको बताए।

'बुद्धले आफैंलाई चिन्नुपर्छ भनेर दिएको शिक्षा र सन्देशको महत्त्व आजको विश्वमा झन् बढेर गएको छ,' उनले भने, 'भगवान् बुद्धको उपदेश बुद्धधर्म मान्नेका लागि मात्र होइन, सबै धर्म मान्नेका लागि उत्तिकै उपयोगी छ।'

बुद्ध दर्शनमा सबैभन्दा महत्त्वपूर्ण पाटोका रूपमा ध्यान (मेडिटेसन) रहेकाले यसलाई विश्वव्यापी बनाउनुपर्ने मन्त्री श्रेष्ठको भनाइ थियो। उनले खुसी, शान्ति र सन्तुष्टिका साथ बाँच्नका लागि बुद्धको शिक्षा महत्त्वपूर्ण हुने बताए। बुद्धले 'जबसम्म परीक्षण गरेर सत्य स्थापित हुँदैन, तबसम्म विश्वास नगर' भनेको सन्दर्भ उल्लेख गर्दै उनले बुद्ध जन्मस्थलबाट विश्वमा शान्ति र समृद्धिको सन्देश दिन पाउँदा खुसी लागेको बताए।

पर्यटनमन्त्री हितबहादुर तामाङले बुद्ध जन्मस्थल लुम्बिनीलाई केन्द्रमा राखेर गरिएको लुम्बिनी सम्मेलनले विश्वमा बौद्ध शिक्षा र सन्देश फैलाउने विश्वास लिए। उनले लुम्बिनी गुरुयोजनाका बाँकी काम र बृहत्तर लुम्बिनीको विकासमा प्राथमिकताका साथ काम गर्ने बताए।

लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे)ले बौद्ध दर्शनले विश्वमा शान्ति र अहिंसा कायम गर्न महत्त्वपूर्ण योगदान दिने बताए। विश्वमा देखिएको द्वन्द्व समाधान गरी सहिष्णुता बढाउन बौद्ध दर्शनले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने उनको भनाइ थियो। उनले भने, 'बुद्धको शिक्षा र सन्देश विश्वभर फैलाउन सकेमा शान्ति, करुणा, सद्भाव कायम गर्न सकिने विश्वास छ।'

लगानी बोर्डका उपसचिव रमेश अधिकारीले नेपालमा रहेका लगानीका अवसर र आसन्न लगानी सम्मेलनबारे प्रकाश पारे। पर्यटन बोर्डका निर्देशक सन्तोष पन्तले नेपालमा पर्यटनको असीमित सम्भावनाबारे आफ्नो विचार राखेका थिए। बुद्धको पवित्र जन्मस्थलमा आएर सम्मेलनमार्फत विश्वमा बढ्दै गएको द्वन्द्व र अहिंसालाई त्याग्दै शान्तिबाटै समृद्धिको बाटोमा जान महत्त्वपूर्ण सन्देश दिन सकिएको आयोजक अनरी कन्सुलर कर्प नेपाल (एचसिसिएन)का डिन विष्णुकुमार अग्रवालले बताए। उनले भने, 'यहाँहरूको उपस्थिति र योगदानले बुद्धलाई सम्मान मात्र गरेको छैन, शान्तिपूर्ण र समृद्ध विश्व बनाउन पहलकदमी पनि भएको छ।' एचसिसिएनले सरकार र सम्बन्धित देशबीच पुलका रूपमा काम गर्नुका साथै प्रविधि स्थानान्तरण, व्यापार-व्यवसाय विस्तारलाई विस्तार गर्न भूमिका निर्वाह गर्दै आएको छ।

सम्मेलनमा सहभागी नेपालका लागि गैरआवासीय राजदूत

सम्मेलनमा अस्ट्रिया, बुल्गेरिया, इस्टोनिया, चेक रिपब्लिक, मौरिसस, मंगोलिया, इन्डोनेसिया, सेयूचेल्लेस, तान्जानिया, सर्बिया, स्लोभेनिया, साइप्रस, आयरल्यान्ड, स्पेन, लातिभिया, कोस्टारिका, पोल्यान्ड र डोमिनिकन रिपब्लिक रोमानियाका गैरआवासीय राजदूतहरू सहभागी भएका थिए।

बिहीबार दिउँसो लुम्बिनी आएका उनीहरू बुटवलमा रहेको लुम्बिनी केबलकारको भ्रमण र शुक्रबार बुद्ध जन्मस्थल लुम्बिनी आएर सम्मेलनमा सहभागी भएका हुन्। नेपालमा लगानीका अवसर, पर्यटन प्रवर्द्धन, लुम्बिनीको अन्तर्राष्ट्रिय महत्त्वलगायत विषयमा छलफल र प्रस्तुति गरिएको सम्मेलनका सहसंयोजक तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र
श्रीमहल, ललितपुर

धानको श्रोत बीउ (मूल तथा प्रमाणित) उत्पादकहरूलाई प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने सम्बन्धमा

(प्रथम पटक प्रकाशित मितिः २०८० चैत्र १० गते शनिवार)

बीउ विजनको उत्पादन, आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जातको प्रवर्द्धन गर्न स्वीकृत बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम चालु आर्थिक वर्ष २०८०/८१ मा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, हरिहरभवन, ललितपुरबाट संचालन हुने **अनुमति प्राप्त श्रोत बीउ उत्पादकहरुलाई बीउ बिक्रिको आधारमा प्रोत्साहन अनुदान** कार्यक्रममा सहभागी हुन धान बालीको श्रोत बीउ (मूल तथा प्रमाणित) उत्पादनमा संलग्न बीउ उत्पादकहरुलाई subsidy.sqcc.gov.np वेभसाइट वा www.sqcc.gov.np मा कार्यक्रम/प्रणाली (Program/System) अन्तरगत रहेको बीउ व्यवस्थापन प्रणाली (Seed Subsidy Management System) मा देहाय बमोजिमका शर्तहरु तथा समय सिमाभित्र तोकिएका कागजातहरु अपलोड गरी **श्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम** सम्भागमा अनलाइन रजिष्ट्रेसन हुन (यस अघि रजिष्ट्रेसन भएकाले लग इन गर्नुपर्ने) र अनलाइन रजिष्ट्रेसन स्वीकृति भएका योग्य आवेदकहरुले उक्त प्रणालीमा आपूर्ति तथा बिक्री विवरण एवं तोकिएका कागजातहरु समेत सो प्रणालीमा प्रविष्ट गरि प्रोत्साहन अनुदान बापतको रकम भुक्तानीको लागि यस केन्द्रमा आवेदन गर्नुहुन सूचित गरिन्छ।

शर्त /बन्देज तथा समय सिमा

१. श्रोत बीउ (मूल तथा प्रमाणित) उत्पादनमा प्रोत्साहन अनुदान उपलब्ध हुने धानबालीका जातहरु र प्रोत्साहन अनुदान रकम देहाय बमोजिम हुनेछः

समुह	जातहरु	अनुदान रकम प्रति के.जि .रु
मोटो/मध्यम प्रकृतिका जातहरु	बहुगुणी-१, बहुगुणी-२, सुखा धान-१, सुखा धान-२, सुखा धान-३, सुखा धान-४, सुखा धान-५, सुखा धान-६, हर्दिनाथ-२, हर्दिनाथ-३, हर्दिनाथ-४ सावित्री, राधा-४, स्वर्ण सब-१, राधा-७, राधा-११, राधा-१२, राधा-१३, राधा-१४, मकवानपुर-१, चैते-१, चैते-२, चैते-६, सेहराङ्ग सब-१, तरहरा-१, घैया-३, हर्दिनाथ-५, गंगासागर-१, गंगासागर-२, लोकतन्त्र	१८
मसिनो प्रकृतिका जातहरु	हर्दिनाथ-१, सावाँ मसुली सब-१, हर्दिनाथ सावाँ मसुली, रामधान, चैते-५, हर्दिनाथ-६	२३
खुमल श्रृंखलाका जातहरु, मसिनो र वासनादार एवम् उच्च पहाडी क्षेत्रका लागि उपयुक्त जातहरु	खुमल-४, खुमल-१०, खुमल-११, खुमल-१२, खुमल-१३, खुमल-१४, सुगन्धित धान-१, ललका वासमती, सुनौलो सुगन्धा, सुढोधन कालानमक, खुमल वासमती-१६, छोमरोङ्ग, माछापुच्छे-३, पोखरेली जेठोबुढो, चन्दननाथ-१, चन्दननाथ-३, लेकाली-१, लेकाली-३	३०

२. मूल बीउ उत्पादनको अनुमति पत्र प्राप्त कृषक, कृषक समूह, बीउ बिजनसँग सम्बन्धित सहकारी संस्था, सामुदायिक बीउ बैंक, कम्पनी, निजी उद्यमीहरु मात्र यस प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन पाउने छन्।
३. प्रमाणीकरण पद्दती (Certification system) बाट प्रमाणित गरिएको मूल तथा प्रमाणित बीउका लागि मात्र प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ।
४. मूल तथा प्रमाणित बीउ उत्पादकहरुले अनलाइन आवेदन (Registration) गरे पश्चात् प्रोत्साहन अनुदान प्राप्तिका लागि स्वीकृत आवेदकहरुले बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ को अनुसूचि २ मा तोकिएका कागजातहरु तथा बीउ आपूर्ति तथा बिक्री विवरण पुनः बिद्युतीय बीउ व्यवस्थापन प्रणाली Digitally Enabled Seed Management System (DESES) मा प्रविष्ट गर्नुपर्नेछ।
५. अनुदानग्राहीलाई प्रोत्साहन अनुदान उपलब्ध गराउँदा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रले तयार गरेको वासलात बमोजिमको मूल तथा प्रमाणित बीउको बिक्री परिमाणको आधारमा मात्र अनुदान उपलब्ध गराइने छ।
६. भुक्तानीका लागि निवेदन दिँदा श्रोत बीउ खरिद बील, श्रोत बीउ बिक्रेताले वासलात अनुसार बिक्री गरी जारी गरेको बील र बिक्रि अर्वाधको बैंक कारोबार (बैंक स्टेटमेन्ट) तथा श्रोत बीउ खरिद कर्ताले श्रोत बीउ खरिद गरी बुझेको भर्पाइ अनिवार्य रूपमा पेश गर्नु पर्ने छ।
७. **रजिष्ट्रेसन प्रारम्भ मितिः २०८० चैत्र १० गते शनिबार**
८. **रजिष्ट्रेसन समाप्त हुने मितिः २०८० चैत्र २५ गते आइतबार**
९. **बीउ आपूर्ति विवरण सफ्टवयेरमा प्रविष्ट गर्ने अन्तिम मिति (जात अनुसार छुट्टा छुट्टै पेश गर्ने): २०८१ बैसाख ७ गते शुक्रवार**
१०. **बीउको बिक्री विवरण सफ्टवयेरमा प्रविष्ट गर्ने अन्तिम मिति (जात अनुसार छुट्टा छुट्टै पेश गर्ने): २०८१ बैसाख ३१ गते सोमबार**
११. अन्य शर्त तथा विस्तृत जानकारीका लागि **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८** हेर्न सकिनेछ।

थप जानकारीको लागिः
बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर, फोनः ०१-५५२११५१, ९८५१२०९२६६, ९८४५९२४२८०
वेभसाइटः www.doacrop.gov.np इमेलः cdabc2018@gmail.com

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.नं. १७/०६९/०७०
शनिबार १० चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

जसको प्रशिक्षणमा भलिबलले अन्तर्राष्ट्रिय उपाधि जित्यो

हेलेमा प्रधानको कप्तानीमा नेपाली महिला भलिबल टोलीले ०३८ मा पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिएको थियो । संयोग ! ३८ वर्षपछि नै ०७६ मा पहिलोपटक अन्तर्राष्ट्रिय उपाधि जित्यो । बंगलादेशमा अपराजित रही नेपालले पहिलो संस्करणको एभिसी सेन्टर जोन महिला भलिबल च्याम्पियनसिपको उपाधि जितेको थियो । नेपाली टोलीको कप्तानमा अरुणा शाही र प्रशिक्षकमा जगदीश भट्ट थिए । भट्टको रणनीतिमा नेपालले उपाधि भिडन्तमा माल्दिभ्सलाई ३-० को सोझो सेटमा हरायो । उनले तत्काल नियमित कप्तान विनिता बुढाथोकीसहित सात खेलाडीलाई बाहिर राखे । अरुणाले पहिलोपटक कप्तानी आर्म ब्यान्ड लगाएको राष्ट्रिय टोलीमा सात नयाँ खेलाडीले अवसर पाए । नेपाललाई पहिलो अन्तर्राष्ट्रिय उपाधि दिलाएको क्षणको अनुभव प्रशिक्षक भट्टले नयाँ पत्रिकाका **रमेश सुवेदी**लाई यसरी सुनाए :



> ०३८ मा पहिलो अन्तर्राष्ट्रिय खेल खेलेको महिला भलिबल टोलीले ०७६ मा प्रशिक्षक जगदीश भट्टको प्रशिक्षण र अरुणा शाहीको नेतृत्वमा बंगलादेशमा भएको एभिसी सेन्टर जोन च्याम्पियनसिपको उपाधि अपराजित रही जितेको थियो

नेपालगन्जमा भएको आठौँ राष्ट्रिय खेलकुदमा भलिबलतर्फ महिला र पुरुष इभेन्ट्स समावेश थिए । त्यसबाट उत्कृष्ट प्रदर्शन गरेका खेलाडीलाई १३औँ दक्षिण एसियाली खेलकुदमा सहभागी गराउने निर्णय भएको थियो । भलिबलको छनोट समितिमा म पनि थिएँ । राखेपले प्राविधिक समितिमा मलाई बस्नुपर्ने आग्रह गरेको थियो । मैले राखेपसमक्ष एउटा सर्त राखेँ । खेलाडीको छनोट निष्पक्ष हुनुपर्छ । १३औँ सागमा खेलाडीलाई पर्याप्त तयारी र मैत्रीपूर्ण खेल हुनुपर्ने अर्को माग थियो । छनोट र अभ्यासका क्रममा कसैले हस्तक्षेप गर्न नपाउने अर्को माग राखेको थिएँ । भलिबलको टोली बलियो बनाउन सबै पक्षले मेरा मागप्रति सहमति जनाए । यस्तो प्रकारको छनोट होला भनेर कसैले सोचेका थिएनन् । टोलीमा नयाँ युवा प्रतिभाशाली थिए । तर, सिनियर खेलाडीले स्थान ओगटेकाले उनीहरूले अवसर नै पाएनन् ।

१३औँ साग हुन लगभग पाँच महिना बाँकी थियो । यसैबीच नेपाल भलिबल संघले सन् २०१७ मा पहिलो पुरुष सेन्ट्रल जोन भलिबल आयोजना गऱ्यो । संघले इतिहासमा पहिलोपटक सेन्ट्रल एसियाको साधारणसभा र प्रतियोगितासमेत आयोजना गर्ने अवसर पायो । साधारणसभामा हामीले महिलालाई सेन्ट्रल जोनमा सहभागी गराउनुपर्ने जोडदार माग राख्यौँ । हामी सबैलाई थाहा थियो, नेपालको महिला भलिबलको सम्भावना छ । बंगलादेशका अध्यक्ष आतिक उल रहमानले पुरुषकै जस्तै महिलातर्फको पहिलो संस्करण आफूले गर्न पाउनुपर्ने प्रस्ताव राखे । त्यसपछि बंगलादेशले सन् २०१९ पहिलोपटक आयोजना गऱ्यो । मलाई थाहा थियो, १३औँ साग नेपालमै आयोजना हुँदै छ । हाम्रो तयारी राम्रो हुनेछ । लामो तयारीबाट जोस र प्रतिभाशाली खेलाडी निस्कनेछन् । मलाई नेपालभर छरिएर बसेका खेलाडीबारे थाहा थियो ।

■ बोल्ड डिसिजनमा कप्तानसहित सात खेलाडी 'आउट'

मैले त्यस समय सिनियरबाट नियमित खेलिरहेका १२ मध्ये सात खेलाडीलाई टोलीबाट बाहिर राखेँ । कप्तान विनिता बुढाथोकी, उपकप्तान मञ्जु गुरुङ, नेविका चौधरी, कोपिला उप्रेती, कृपा अधिकारी, मनीषा चौधरीलगायत सात खेलाडी बाहिर रहे । प्रशिक्षकको नाताले मैले उनीहरूलाई विश्राम समय भनेको थिएँ । नयाँ खेलाडी आएका कारण देशलाई उच्च योगदान दिएका सिनियर खेलाडीलाई आग्रहपूर्वक बाहिर बस्न अनुरोध गरेको थिएँ । नयाँलाई अवसर दिनुपर्छ भनेको थिएँ । त्यसवेला कसैलाई प्रशिक्षकमा, वैदेशिक प्रशिक्षण गराउने, बिच भलिबलमा अवसर दिने कुरा भएको थियो ।

मेरो एक किसिमको बोल्ड डिसिजनमा उल्टै खेलाडी मेरो विरोधमा उत्रिए । एक किसिमले टोलीबाट बाहिर रहँदा दुःख र पीडा हुने नै भयो । राष्ट्रिय टोलीमा छनोट नहुँदा जोकोही खेलाडीलाई दुःख लाग्छ नै । अर्को पाटोबाट विश्लेषण गर्दा प्रशिक्षकले जहिले पनि आफ्नो टोली उत्कृष्ट भएको हेर्छ । सिनियर खेलाडीलाई मैले मिल्नुपर्छ भनेको थिएँ । उत्कृष्ट नतिजाका लागि कसैलाई दुःख पनि दिइयो । चुनौतीबीच हामीले अभ्यास सुरु गऱ्यौँ । त्यसवेला महिला राष्ट्रिय टोलीबाट आठजनाले डेब्युको अवसर पाएका थिए ।

■ बैंककमा २२ दिनको अभ्यास

राखेपका तत्कालीन सदस्यसचिव रमेश सिलवाललेे भलिबलसँगै अन्य खेलको प्रशिक्षण सुरु गराउनुभएको थियो । भलिबलमा नयाँ प्रतिभावान् खेलाडीको आगमन भएको थियो । लामो समयको अभ्यास र अन्तर्राष्ट्रिय खेलपछि उनीहरू अनुभवी हुन्छन् भनेर अनुरोध गरेका थियौँ । १३औँ सागमा स्वर्ण पदक नै भनी सदस्यसचिवलाई विश्वास दिलायौँ । तर, रजत पदकमै हामी चित्त बुझाउन पुग्यौँ । ऐतिहासिक रूपमा रजत प्राप्त गरेपछि भलिबल टोली सदस्यसचिवकहाँ पुगेको थियो । उहाँलाई 'हामी फिजिकल रूपमा तयार भयौँ' भन्ने जानकारी दियौँ । त्यसवेला राखेपले कभर्डहल पुनर्निर्माण गरिरहेको थियो । पावर ट्रेनिङ गर्न जिमहल थिएन । मैले नेपाल प्रहरीका आइजिपी सर्वेन्द्र खनाललाई महिला भलिबल टोलीको तयारीका लागि कोर्ट उपलब्ध गराउनुपऱ्यो भनेको थिएँ । उहाँले सहजै स्वीकार गर्नुभयो ।

आधुनिक जिमहलमा दुई महिनाको तयारीपछि महिला टोली पूरै तयार भयो । खेलाडीलाई प्राविधिक, शारीरिकसँगै रणनीतिक रूपमा तयार पारेँ । यसपछि उनीहरूलाई अब अन्तर्राष्ट्रिय मैत्रीपूर्णको अनुभव चाहिने भनी सदस्यसचिवसँग आग्रह गरेँ । उहाँले हाम्रा लागि ७०-८० लाख रुपैयाँ प्रशिक्षण गर्न सहयोग गर्नुभएको थियो । त्यही खर्चमा हामीले २२ दिन बैंककमा अभ्यास गरेका थियौँ । त्यो २२ दिनमा बैंककका सात टोलीसँग मैत्रीपूर्ण खेलियो । हामीले बैंककका उत्कृष्ट टोलीसँग अभ्यास गरेका थियौँ । थाइल्यान्ड एसियाकै उच्चकोटीको ट्रेनिङ सेन्टर हो । त्यहाँ धेरै देशका खेलाडी अभ्यासमा आएका हुन्छन् । भियतनाम र जापानको जुनियर टोलीसँग पनि खेलेका थियौँ ।

■ अपराजित रही अन्तर्राष्ट्रिय उपाधि

बंगलादेशमा हामीले जति खेल्यौँ, खेलाडी सबै उत्साहित थिए । हामी फाइनल जित्छौँ भन्नेमा पक्का थियौँ । उपाधि जित्ने अन्तिम अंक नपाउँदासम्म सजक भएर खेल्नुपर्ने योजना बनायौँ । हामीले पाँच खेलमा १५ सेट मात्रै खेल्यौँ । अचम्म के रह्यो भने नेपालले उपाधि जित्दा एक सेट पनि गुमाएन । हामीले हरेक विपक्षीलाई दबाबमा राखेका थियौँ । समूह चरणमा हामीले अफगानिस्तानविरुद्ध २५-४, २५-९ र २५-६ ले जित निकाल्यौँ । हामीले दोस्रो खेलमा कीर्गिस्तानविरुद्ध २५-१५, २५-१९ र २५-२० तथा बंगलादेशलाई २५-७, २५-६ र २५-६ ले निराश बनायौँ । समूह चरणको अन्तिम खेलमा माल्दिभ्सलाई २५-१४, २५-६ र २५-१३ हराउँदै फाइनलमा स्थान बनाएका थियौँ । रमाइलो पक्ष फाइनलमा माल्दिभ्स नै रह्यो । उपाधि भिडन्तमा नेपालले माल्दिभ्सलाई २५-१३, २५-१२ र २५-८ को सहज जित निकाली पहिलोपटक उपाधि जित्यौँ । बंगलादेशमा ऐतिहासिक प्रदर्शन गरेर फर्कंदा महिला भलिबल टोलीलाई सरकारदेखि विभिन्न संस्थाले सम्मान गरेका थिए । खेलाडीको मान बढ्यो । नेपाली महिला भलिबल मात्र नभएर समग्रमा भलिबलमै नयाँ परिचय थपियो ।

■ सरस्वती गुमाउँदा पीडा

१३औँ सागका क्रममा महत्त्वपूर्ण खेलाडी सरस्वती घाइते हुँदाको नेपाल अप्ठ्यारोमा परेको थियो । उनी घाइते हुँदा हामीमाथि दबाब बढेको थियो । तर, प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी हामीले फाइनल स्थान पक्का गऱ्यौँ । उपाधि भिडन्तमा बलियो प्रतिद्वन्द्वी भारत थियो । भारतसँगको अति नै प्रतिस्पर्धात्मक सेटमा नेपाल ३-२ को सेटमा पराजित भयो । स्वर्ण भिडन्तमा भारतसँग पाँचौँ सेटमा पराजित हुँदा पनि मैले जितेको महसुस गरेँ ।

यो खेल कहिल्यै विर्सन सक्किँदैन । महिला भलिबल टोलीले एउटा सुनौलो उपाधि जित्ने अवसर गुमायो । त्यसवेला राष्ट्रिय टोलीमा परेका सिनियर खेलाडीलाई पनि चित्त बुझाउन गाह्रो भएको थियो । उनीहरूको पीडा र चिन्तनलाई शान्त बनाउन हामीले मेडल जिताउनुपर्छ भन्ने भावनाका साथ नयाँ खेलाडीका साथ अगाडि बढेँ । उनीहरूलाई मेडल जिते मात्रै तपाईंहरूको भविष्य छ भनेको थिएँ । नयाँ खेलाडीलाई आत्मविश्वास दिलाएँ । तिनै युवा खेलाडीले राष्ट्रिय टोलीमा आफ्नो भविष्य सुनिश्चित हुने भावना राखेका थिए । उनीहरू धेरै अनुशासित थिए । सधैँ स्वस्फूर्त रूपमा अभ्यास गर्थे ।

बहराइनसँग नेपाल पाँच गोलले पराजित



नयाँ पत्रिका

नेपाली राष्ट्रिय फुटबल टोली बिहीबार फिफा विश्वकप २०२७ अन्तर्गत छनोट खेलमा बहराइनसँग ५-० ले पराजित भएको छ । बहराइनको रिफास्थित रंगशालामा कमजोर तयारी र आन्तरिक विवादका साथ पुगेको नेपाली टोलीले खेलको कुनै पनि समयमा उत्कृष्ट प्रदर्शन गर्न सकेन । मुख्य प्रशिक्षक अल्बर्टो एनेसले युवा खेलाडीलाई पहिलो प्राथमिकता राखेको प्रतिस्पर्धामा बहराइनले पहिलो हाफमै तीन गोल गरेको थियो । दोस्रो हाफमा रक्षापंक्तिमा केही सुधार हुँदा नेपालले दुई गोल मात्र व्यहोरेको थियो ।

चार खेलाडीको डेब्यु


प्रशिक्षक एनेसले बहराइनविरुद्ध चार खेलाडीले डेब्यु गरेका थिए । बहराइनविरुद्ध घोषित टोलीमा धेरै युवा खेलाडी समावेश भए पनि प्रशिक्षक एनेसले चार नयाँ खेलाडी खेलाएका हुन् । डेब्यु गर्नेमा डिफेन्डरद्वय अभिषेक लिम्बू र सौभाग्य राई (सञ्जित) तथा स्ट्राइकर समीर तामाङ र सञ्जीव विष्ट रहेका छन् । अभिषेकले पहिलो ११ मै रही डेब्यु गरे । टोलीका नियमित डिफेन्डर रोहित चन्दको स्थानमा अभिषेक पहिलो रोजाइमा परेका हुन् । रोहित इन्डोनेसियाको लिगमा व्यस्त छन् । सौभाग्यले मध्यान्तरपछि डेब्यु गरेका थिए । उनले सुमित श्रेष्ठलाई विस्थापन गरेका थिए । समीरले खेलको ७९औँ मिनेटमा हिसुब थपलियाको स्थान लिए ।

बहराइनले खेलको दोस्रो मिनेटमै अग्रता लिएको थियो । माहदी अल हुमाइदानले घरेलु टोलीलाई १-० को अग्रता दिलाए । एक गोल खाएर सम्हालिन नपाएको नेपालको पोस्टमा बहराइनले खेलको नवौँ मिनेटमा दोस्रो गोल थप्यो । यसपटक सायद बाकरले गोल गरे । पहिलो हाफको अतिरिक्त समयमा अली मादनले बहराइनलाई ३-० को अग्रता दिलाए । बहराइनले चौथो गोल गर्न ३७ मिनेट प्रतीक्षा गऱ्यो । खेलको ८७औँ मिनेटमा इब्राहिमले बहराइनलाई ४-० को अग्रता दिलाए । खेलको अन्तिम इन्जुरी समयमा बहराइनका लागि इस्मिलले पेनाल्टीमा ५-० को विजयी गोल गरे । बहराइनका खेलाडीलाई नेपालका लाकेन लिम्बूले बक्सभित्र लडाएपछि अस्ट्रेलियन रेफ्री एलेक्जान्डर किडले पेनाल्टी दिएका थिए ।

समूह 'एच'मा बहराइनले छनोट खेलमा दोस्रो जित निकालेको हो । बहराइन ६ अंकका साथ दोस्रो स्थानमा छ । नेपालको यो तेस्रो हार हो । नेपाल पहिलो खेलमा युएईसँग ४-० र यमनसँग २-० ले पराजित भएको थियो । अहिलेसम्म नेपाल अंकविहीन छ । युएई तीन खेलमा तीन जितसहित नौ अंकका साथ पहिलो स्थानमा छ । यमन तीन खेलमा एक जितसहित तीन अंकका साथ तेस्रो स्थानमा छ । नेपालले पहिलो चरणमा लाओसलाई हराउँदै दोस्रो चरणको स्थान पक्का गरेको थियो । चारमध्ये शीर्ष दुई टोली एसिया कपमा छनोट हुनेछन् ।

बलात्कार मुद्दामा रोबिन्होलाई नौ वर्षको जेल सजाय

एजेन्सी



> सन् २०१३ मा अल्बानियाकी २२ वर्षीया एक युवतीलाई सामूहिक बलात्कार गरेको मुद्दामा ब्राजिलियन अदालतले रोबिन्होलाई दोषी ठहर गर्दै जेल सजायको आदेश दिएको छ

ब्राजिलका पूर्वमिडफिल्डर रोबिन्होलाई बलात्कार मुद्दामा नौ वर्षको जेल सजाय सुनाइएको छ । सन् २०१३ मा अल्बानियाकी २२ वर्षीया एक युवतीलाई अपार्टमेन्टमा सामूहिक बलात्कार गरेको मुद्दामा उनी दोषी ठहरिएका हुन् । अदालतको आदेशअनुसार म्यानचेस्टर सिटी र रियल म्याड्रिडका पूर्वखेलाडी रोबिन्होले नौ वर्ष सजाय पूरा गर्नुपर्ने हुन्छ । यसअघि सन् २०१७ मै इटालीको अदालतले रोबिन्होलाई सामूहिक बलात्कार मुद्दामा दोषी ठहर गरेको थियो । यसपटक ब्राजिलको अदालतले पनि उनलाई दोषी ठहरको आदेश दिएको हो । अदालतले ब्राजिलमै बसेर उनलाई नौ वर्ष जेल सजाय बस्नुपर्ने जनाएको छ ।

इटालीको अदालतको आदेशपछि रोबिन्हो ब्राजिलमै बस्दै आइरहेका थिए । ब्राजिलियन सरकारले आफ्ना कुनै पनि नागरिकलाई अन्य देशमा सुपुर्दगी गर्दैन । तर, इटालीको आग्रहमा ब्राजिलको अदालतले रोबिन्होले सजाय भुक्तानी गर्नुपर्ने आदेश दिएको हो । उनी आदेशविरुद्ध पुनरावेदन गर्न सक्छन् । सामूहिक बलात्कारको घटनाका वेला रोबिन्हो सिरिए लिगअन्तर्गत एसी मिलानमा आबद्ध थिए । उनले इटालीमा फैसलाविरुद्ध पुनरावेदन राखेका थिए । उनी मुद्दामा पराजित भए ।

सन् २०२२ मा इटालीको सर्वोच्च अदालतले उनीविरुद्धको सजायलाई कायम गरेको थियो । त्यसपछि इटालीका अधिकारीले उनीविरुद्ध अन्तर्राष्ट्रिय पक्राउ पुर्जी जारी गरेको थियो । ब्राजिलियन अदालतको आदेशविरुद्ध रोबिन्होका वकिलहरूले सर्वोच्चमा अपिल गर्ने तयारी गर्दै छन् । उनका वकिलले आफ्ना क्लाइन्टलाई जेल नलैजान माग राखेका छन् । तर, सर्वोच्च अदालतले यस मागलाई अस्वीकार गरेको थियो । रोबिन्होले अहिले पनि बलात्कार नगरेको र सहमतिमै सम्बन्ध राखेको दाबी गरेका छन् ।

ब्राजिलबाट २८ गोल

उनले ब्राजिलको राष्ट्रिय टोलीबाट सय अन्तर्राष्ट्रिय खेल खेलेका थिए । सन् २००३ देखि ०१७ सम्म उनले राष्ट्रिय टोलीबाट सय खेलमा २८ अन्तर्राष्ट्रिय गोल गरेका थिए । व्यावसायिक क्लब लेभलमा उनले समग्रमा २००२ देखि २०२० सम्म पाँच सय ८७ खेलमा एक सय ९५ गोल गरेका थिए । सन् २००८ मा उनी रियल म्याड्रिडबाट ३.२५ मिलियन पाउन्डमा म्यानचेस्टर सिटीमा आबद्ध भएका थिए । रियलमा रहँदा उनले दुई उपाधि हात पारे । सिटीमा दुई सिजन बिताउँदा उनले दुई उपाधि हात पारे । त्यसपछि उनले पाँच वर्ष एसी मिलानबाट खेले । फुटबल करिअरमा रोबिन्होले चीनको लिगसमेत खेले । चीनको ग्वाङ्झाउ एभरग्रान्डेबाट व्यावसायिक फुटबल खेलेका उनले अन्तिम समयमा ब्राजिलको एट्लेटिको मिनेरोबाट प्रतिस्पर्धा गरेका थिए । सन् २०२० मा उनी ब्राजिलको चर्चित क्लब सान्तोषमा आबद्ध भएका थिए । तर, उनले एक खेल पनि खेलेनन् ।

आर्मी र हेल्प नेपाल फाइनलमा




तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

नयाँ पत्रिका

त्रिभुवन आर्मी क्लबले आठौँ आरबिबी एनभिए भलिबल च्याम्पियनसिपअन्तर्गत पुरुष फाइनल स्थान पक्का गरेको छ । दशरथ रंगशालाको कर्भड हलमा शुक्रबार आर्मीले नेपाल पुलिस क्लबमाथि ३-२ को रोमाञ्चक जित हात पार्दै अन्तिम दुई स्थान पक्का गरेको हो । आर्मी समग्रमा २५-१८, २३-२५, २६-२४, १३-२५ र १४-१५ ले विजयी भएको हो । अर्को खेलमा हेल्प नेपालले गण्डकी प्रदेशलाई सीधा ३-० को सेटमा हराउँदै आर्मीसँगको उपाधि भिडन्त पक्का गरेको छ । हेल्प नेपालबाट पाकिस्तानका अनुभवी खेलाडी फखार उबैदिन, उस्मान अली र कासिफ नदिमले उत्कृष्ट प्रदर्शन गरेका थिए । हेल्प नेपालले गण्डकीलाई २५-१९, २७-२५ र २५-१९ ले हराएको हो । हेल्प नेपाल र गण्डकीबीच दोस्रो सेट रोमाञ्चक बन्यो । दोस्रो सेटको सुरुमा गण्डकीले अग्रता लियो । दुई अंकले पछि परेको अवस्था उल्ट्याउँदै हेल्प नेपालले सेट १६-१६ बराबरी गरेको थियो । तर, टाइम आउट लिएपछि हेल्प नेपालले चार अंक जोड्यो ।

गण्डकीले अन्तिम समयमा लगातार चार अंक बटुलेपछि सेट २४-२४ को रोमाञ्चक बराबरीमा पुग्यो । हेल्प नेपालले २७-२५ ले जित्दै सेटमा २-० को अग्रता लिएको थियो । तेस्रो सेटमा नेपालले लगातार पाँच अंक जोडेपछि जिततर्फ अग्रसर भयो । प्रतियोगिताको महिला र पुरुष दुवैतर्फका विजेताले पाँच लाख, दोस्रोले दुई लाख ५० हजार र तेस्रो टोलीले एक लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com